२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष १०, अङ्क १, पूर्णाङ्क ३५ (Year 10, Vol. 1, Issue 35) पौष, २०७१ / Dec. 2014, SAHAMATI SANDESH

## समुदायको आँखामा सहमति

### संस्थागत भनाई

सहमति संस्था एउटा निर्दिष्ट परिकल्पना “सामुदायिक र मानवता विकासका लागि प्रतिवद्ध संस्था” लाई केन्द्रमा राखरु संस्थाले विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । संस्थाद्वारा गरिने चाहे ती आन्तरिक क्रियाकलाप हुन चाहे साझेदारी कार्यक्रम मार्फत गरिने क्रियाकलापहरु हुन् सबै क्षेत्रमा समुदायलाई केन्द्र विन्दुमा राखेर समुदायको हितमा हुने सामुदायिक विकासका कार्यहरु सञ्चालन गर्दै आइरहेको छ ।

सामुदायिक विकासका लागि काम गर्ने उद्देश्यले धेरै संस्थाहरुको स्थापना भएको पाउँछौ र देशमा रहेका विभिन्न सामाजिक संघसंस्थाहरु मार्फत काम गर्ने उद्देश्यका साथ अन्तराष्ट्रिय संस्थाहरु विभिन्न देशबाट स्रोतहरु जुटाइरहेका छन् । जुन देशबाट सहयोग स्वरुप रकम उपलव्ध गराइन्छ । त्यो सहयोग रकमको स्रोत हेर्ने हो भने ती देशका जनताहरुबाट संकलित रकमले नै धेरै अंश ओगटेको देखिन्छ । जसले सहयोग गर्छ उसको चाहना जहिले पनि आफूले गरेको सहयोगको सहि सदुपयोग होस् र जसका लागि भनेर दिएको हो उसैको हितमा काम होस् भन्ने चाहन्छ ।

सामुदायिक विकासका लागि काम गर्ने संस्था (विशेषगरी राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु) ले ठूलो बजेटकासाथ धेरै कामहरु गरेका छन् । अधिकांश कामहरु परियोजना निर्देशित भएको पाइन्छ । एउटा निर्धारित समयसम्म काम गर्ने अनि फर्केर जाने गर्छन् । काम गर्दा अधिकांशले भौतिक विकासलाई जोड दिएको पाइन्छ । जहाँ मानवता विकासको कुरालाई त्यति ध्यान दिइरहेको अवस्था छैन । भौतिक विकासका साथसाथै मानवीय विकासलाई पनि ध्यान दिनुपर्ने हुन्छ नै । मानवीय विकास विनाको एक्लो भौतिक विकासले सार्थकता पाउन सक्दैन र दिगो हुँदैन । सामाजिक संघसंस्थाहरुले समुदायमा काम गर्दा आफ्नोपन भन्दा पनि समुदायको आवश्यकताको पहिचान गरी स्थानीयको स्रोत, साधनको प्रयोग गरी समुदायकै नेतृत्वमा काम गर्नाले दिगो विकासमा मद्दत पुग्दछ ।



मानिसको लागि आर्थिक विकास एउटा महत्वपूर्ण पाटो हो र यसको साथसाथै उसको आनीवानी, खुसी, दया, प्रेम र अहिंसाबादी बन्न सक्यो भने यसले पूरा समाजलाई नै सभ्य बनाउन सहयोग मिल्दछ । यस अंकमा प्रकाशित भएका विभिन्न लेख, रचना तथा सफलताका कथाहरुबाट कार्यक्रमले पारेको सकारात्मक प्रभावलाई प्रतिविम्वित गरेको आभास मिलेको छ । कार्यक्रमले एउटा तस्विर देखाएको छ, जहाँ समुदायस्तरमा संस्थागत विकासका साथै व्यक्तिगत तहमा सीप, ज्ञानको विकास हुँदै आएको देखिएको छ । जसको फलस्वरुप समुदायबाट निरन्तर रुपमा आफ्ना गतिविधिहरु सञ्चालन हुने कुरामा आशावादी हुन सकिन्छ ।

संस्थाद्धारा नियमित त्रैमासिक रुपमा प्रकाश गर्दै आएको सूचनामूलक बुलेटिन “सहमति सन्देश” को यस अंक प्रकाशनका लागि लागि पर्नुहुने सहमतिका साथीहरु, समुदायस्तरबाट महत्पूर्ण लेख, रचना उपलव्ध गराई सहयोग गर्नुहुने समुदायका उद्यमी दिदीबहिनीहरु विशेष धन्यवादका पात्र हुनुहुन्छ । साथै यस अंक प्रकाशनका लागि आर्थिक सहयोग गर्ने प्लान नेपाल–बालिका शक्ति परियोजना म्याग्दीलाई संस्थागत रुपमा धन्यवाद ज्ञापन गर्दछु । साथै आउने दिनहरुमा पनि सूचनामूलक पत्रिका प्रकाशनमा यहाँहरु सबैको निरन्तर सहयोगको पनि अपेक्षा गर्दछु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

### सहमतिका मूल्य र मान्यताहरू

- सामुहिकता र सामाजिक सद्भावका लागि ऐक्यवद्धता
- कार्यक्रमका सबै पक्षहरूमा पारदर्शीता
- मानवीय स्वाभिमानको संरक्षण र विकास
- लाभान्वित वर्ग, संस्था र सबै सरोकारवालाहरूको प्रशंसा
- सबै पक्षसँग मिलेर सहमतिमा कार्य
- सामुहिक कार्यको आत्मसात
- संस्थाभित्र र कार्यक्रममा समावेशीकरण (महिला, आर्थिक र सामाजिक रुपमा विभेदित समुदायहरू)
- सुशासन र स्व–निर्भरताको प्रवर्द्धन

### यस भित्र ......

- बालिका शक्ति परियोजना केन्द्रित समुदायद्वारा लेखिएका लेख तथा रचनाहरु
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलव्धीहरु
- कार्यक्रमको फोटो झलकहरु

**सहमति सन्देश**
वर्ष–१०, अङ्क–१, पूर्णाङ्क–३५
(पौष २०७१)

**संरक्षक**
रत्नप्रसाद सापकोटा
अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**
रीता कुमाल

**सम्पादन**
अशोकराज पोखरेल
सरोज भुषाल

**विशेष सहयोगी**
रविन्द्रनाथ अधिकारी
सुन्दर बाबु बानिया
शिव सुवेदी
धनप्रसाद पौडेल
विकास सापकोटा
बलराम दवाडी

**प्रकाशन सहयोगी**
प्लान नेपाल
बालिका शक्ति परियोजना, म्याग्दी

**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org

**मुद्रण :**
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com

# सम्पादकीय..........

समतामूलक र दिगो सामाजिक, आर्थिक एवं सर्वाङ्गीण विकासका लागि लघुवित्त संस्थाहरु परिवर्तनका संवाहकका रुपमा लिन सकिन्छ । विशेषगरी समुदायमा आधारित सहकारी नमूनालाई प्रवर्द्धन एवम् सुदृढीकरण गर्दै लैजानु अहिलेको उत्तम विकल्प हो । वास्तवमा सहकारिताको विकासले समुदायको रुपान्तरण, सशक्तिकरण, सार्वजनिक स्रोतहरुमा पहुँच एवं वृद्धि, समुदायका व्यक्तिहरुले नेतृत्व क्षमता विकास एवं सम्पूर्ण रुपान्तरणीय पद्धतिमा एउटा महत्वपूर्ण टेवा पुग्दछ ।

त्यसो त विकासोन्मूख राष्ट्रहरुमा साहु महाजनको चर्को ब्याजदर, आर्थिक भारबाट सर्वसाधारणले राहत पाउनुपर्छ, जसको शुरुवात सचेत समाजबाटै हुनुपर्छ भन्ने उद्देश्यले सहकारी संस्थाहरुको उदय भएको पाइएता पनि अमेरिका, क्यानडा, बेलायत, जापान, जर्मन, इजराइल जस्ता विकसित मुलुकहरुको आर्थिक विकासमा सहकारीको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । उत्पादनका साधनहरु माथि राज्यको स्वामित्व रहने समाजवादी अर्थतन्त्र अंगालेका राष्ट्रहरुले समेत सहकारीताको मूल मर्मलाई मान्यता दिएको पाइन्छ । आज विश्व नै सहकारीतामय बनेको छ । हरेक राष्ट्रको आर्थिक उन्नतिमा सहकारीको अमुल्य योगदान रहेको कुरा विभिन्न छापाहरुमा अध्ययन गर्नुपर्छ । अतः आर्थिक, सामाजिक, सशक्तिकरणका लागि सहकार्य, एकता एवं पारस्परिक, शान्ती, खुशी, सद्भावको राम्रो माध्यम सहकारी बन्दै गएको अवस्थालाई कसैले नकार्न सकिदैन । त्यसैले सहकारीको क्षेत्रलाई प्रश्रय दिनको लागि र भएको योगदानलाई उच्च कदर गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघको अगुवाईमा सन् २०१२ लाई "Cooperative Enterprises Build a Better World" (सहकारी व्यवस्थाद्वारा समृद्ध विश्व निर्माण) भन्ने मूल नारा सहित अन्तर्राष्ट्रिय सहकारी वर्ष मनाएको सन्दर्भले पनि सहकारीता विश्व जगतको मूल मेरुदण्ड हो भन्ने कुरा प्रष्ट हुन्छ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा समुदायमा वित्तिय पहुँच पुऱ्याउनको लागि स्वेच्छिक रुपमा सहभागितामूलक तवरबाट सहकारीहरु दिन प्रतिदिन गुणस्तरीय सेवा प्रदान गर्दै गरिब र मध्यमस्तरका जनसमुदायको सामाजिक एवं आर्थिक रुपान्तरणको माध्यम बनेका छन् । राज्यको ३ खम्बे अर्थनीति भित्र सहकारी क्षेत्रलाई एक महत्वपूर्ण खम्बाको रुपमा लिनुले पनि सहकारीको उपादेयता बारे झन प्रष्ट पारेको छ ।

हाल नेपालमा २४ हजारको हाराहारीमा सहकारी संघसंस्था रहेको ३२ लाख भन्दा बढी जनसंख्या शेयर सदस्यको रुपमा प्रत्यक्ष आवद्ध हुनु जसमध्ये महिला सहभागिता ४५ प्रतिशत, सहकारी मार्फत ५० हजार भन्दा बढी व्यक्तिहरुले प्रत्यक्ष रोजगार पाएको, ५ लाख भन्दा बढी व्यक्तिले अप्रत्यक्ष रोजगार पाएको, कुल ग्राहस्थ उत्पादनमा ३ प्रतिशत र वित्तिय क्षेत्रमा सहकारीको १५ प्रतिशत भन्दा बढी योगदान रहेको तथ्यांकले पनि सहकारी क्षेत्रको उल्लेखनीय भूमिका रहेको कुरा प्रष्ट हुन्छ ।

बचत तथा ऋण सहकारी संस्थाहरुको उदय र विकास क्रममा महिला बचत तथा ऋण सहकारी संस्थाहरुको शुरुवात र भूमिका पनि नेपालमा सामाजिक र आर्थिक सशक्तिकरणमा सहकारी संस्थाहरुले खेलेको भूमिकालाई सरहाना गर्नुपर्दछ । सहकारी क्षेत्रमा लागेका महिला, दलित, अपाङ्गता भएका, जनजाती, किशोर–किशोरीको सामाजिक योगदान, नेतृत्वदायी भूमिका, आर्थिक पारदर्शीता, अनुशासन र आर्थिक सफलता जस्ता पक्षहरु उदाहरणको रुपमा लिन सकिन्छ । यसरी २०१३ सालदेखि शुरु भएको सहकारी अवधारणा २०७१ सम्म आइपुग्दा सहकारीहरुले "सबैका लागि एक र एकका लागि सबै" भन्ने मूलमन्त्रलाई अनुशरण गरेको पाइन्छ भने आगामी दिनमा सहकारी संस्थाको संस्थागत विकासका साथसाथै सहकारीले ग्रामीण जनताको जीविकोपार्जनमा खेल्ने प्रभावकारी भूमिकाप्रति र सहकारीको चुस्तदुरुस्त व्यवस्थापन पक्षतिर पनि सबै सहकारी शुभचिन्तकहरुले ध्यान दिनु टड्कारो आवश्यकता देखिन्छ ।

# महिला नेतृत्व विकासमा सहकारीको देन

✍ ढकभरी पुन
रघुगंगा महिला विकास सहकारी संस्था लि., पाखापानी–२, म्याग्दी

आजभन्दा १४ वर्ष पहिलाको कुरा हो म कक्षा १० मा पढ्ने क्रममा जीवन के हो ? दाम्पत्य जीवनमा बाधिएपछि के हुन्छ थाहा नभइकन १७ वर्षको उमेरमा पाखापानी गाविसमा वैवाहिक जीवनमा बाँधिन पुगे । विवाह पश्चात् महिला विकास कार्यालय वेनीद्वारा सामाजिक परिचालिका चौमाया पुनको सहयोगमा समूहहरु गठन गरी मासिक बचत उठाउने क्रम भइरहेको थियो । मलाई समाजमा भए गरेका विकृति, विसंगति हटाउने, दिदी बहिनी एकजुट भई अगाडि बढ्ने, महिलाहरुको हकहितको लागि सदैव सकारात्मक भावनाले सोच्ने मन लाग्यो ।

कार्यक्षेत्रभित्र रहेका दिदीबहिनीहरु र छरिएर रहेको रकमलाई पूँजीमा रुपान्तरण गर्ने र त्यहि पूँजीलाई सदस्यहरुमा परिचालन गरी अभिवृद्धि र जीवनस्तरमा सुधार ल्याउन समान उद्देश्यका लागि सहकारी ऐन २०४८ अनुसार २०६६ सालमा सहकारीको दर्ता गरियो । दर्ता पश्चात् पनि हामी कहाँ पुग्ने? के गर्ने र सहकारीको फाइदा, बेफाइदा के ? सहकारी नै किन? यसको महत्व, बचत कसका लागि? किन गर्ने? थाहा नभइकन अन्जानमा अगाडि बढी पाइला चाल्ने क्रममा २०६९ मा महिलाहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकासको लागि महिला समूह र सहकारीको क्षमता अभिवृद्धिको लागि प्लान नेपालको आर्थिक सहयोग र सहमति, गैंडाकोटको आयोजनामा बालिका शक्ति परियोजनाको कार्यक्रम हाम्रो सहकारीमा प्रवेश भयो । सहकारीको सहसचिव रहेर काम गरेको बेला सहकारी संस्थाको अवलोकन भ्रमणमा २०६९/९/३ गते मकवानपुर र सिन्धुली भ्रमणमा जाने अवसर पाएँ । त्यहाँ दिदीबहिनीहरुले सहकारी क्षेत्रमा ल्याएको चमत्कार देख्दा मलाई पनि त्यही पाठ सिक्न मन लाग्यो । विभिन्न जिल्लास्तरीय हुने तालिम, भ्रमण, गोष्ठी, अन्तर्क्रियामा सहभागी हुँदै जाँदा सहकारीको भन्ने बानी बसिसकेको थियो ।

वास्तवमा भन्ने हो भने "सहकारी सुख, दु:खको साथी मात्र नभई भोक, तिर्खा मेटाउने औषधी भइसकेको छ । तेस्रो साधारण सभा र पहिलो अधिवेशनबाट अध्यक्ष पदमा रहेर काम गर्दा छरिएर रहेका दिदीबहिनीहरुसँग मासिक समूह बैठक, भेटघाट, सुख दु:ख आदानप्रदान गर्न पाउँदा गर्व लाग्छ । यो अवसर प्रदान गर्ने वातावरण सृजना गरिदिनुहुने प्लान नेपाल र सहमति, म्यादी तथा महिला विकास कार्यालय, म्याग्दीलाई धन्यवाद साथै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु । ❁❁❁

# परिवर्तन आफैले गर्नुपर्छ

✍ राममाया घिमिरे
ज्यामरुककोट, म्याग्दी

मेरो नाम राममायाँ घिमिरे हो । म वेनी नगरपालिका–४ खवरा, दारिमपाटामा बस्छु । म ३३ वर्षकी भएँ । मेरो विवाह गर्दा घरमा श्रीमान् र सासु आमा मात्र हुनुहुन्थ्यो, मेरो श्रीमान् एक वर्षको हुँदा ससुराको मृत्यु भएको रहेछ । श्रीमानको वेरोजगारीको कारण घर व्यवहार चलाउन गाह्रो नै भएको थियो । घरमा छोराछोरी, आमा, श्रीमान् गरी ६ जनाको परिवार रहेको छ । भैंसी, अनि बाख्रा पनि पालेको छु । त्यस्तै पहिला त ६ जनाको परिवारलाई घरखर्च चलाउन र बचत गर्न निकै गाह्रो भएको थियो ।

२०६९ पुस महिनादेखि हाम्रो गाउँमा म सदस्य रहेको श्री ज्यामरुककोट महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. र प्लान नेपाल/सहमतिको साझेदारीमा बालिका शक्ति परियोजना सञ्चालन भयो । परियोजनाको सहयोगमा सदस्यहरुको आयआर्जनमा बृद्धीका लागि सञ्चालन भएको व्यवसायिक तरकारी उत्पादन तालिममा मौषमी तथा बेमौषमी तरकारी उत्पादनसँगै प्लाष्टिक घर बनाउने र विउ उमार्ने तरिका बारे सिक्ने अवसर प्राप्त भयो । परियोजनाको सहयोगमा प्राप्त प्लाष्टिक घरमा टमाटर लगाए । एक सिजनको टमाटरबाट २५,०००।– भन्दा बढी कमाउन सफल भएपछि तरकारीबाट निकै फाइदा हुँदोरहेछ भनि तनमन तरकारी खेती तिर नै आकर्षित भयो ।

२०७० सालमामात्रै परियोजनाबाट प्राविधिक ज्ञान र वीउ विजनको सहयोगमा करेला, काक्रो, जुकेनी , बन्दा, काउली, टमाटर र साग दुई रोपनी जग्गामा लगाएर एकलाख कमाउन सफल भएँ । त्यो तरकारी बेचेको पैसाले मेरो ६ जनाको परिवारलाई घर खर्च र बालबच्चालाई स्कूल र खाजा खर्च चलाई महिनाको रु.१,०००।– सहकारी संस्थामा नियमित बचत गरेकी छु । गाउँघरमै बसेर पनि तरकारीबाटै नगद पैसा आम्दानी भएको देख्दा मन आनन्दीत भएको छ ।

अब मैले अरु ३ रोपनीमा समेत मौषामी तथा बेमौषामी तरकारी लगाई आम्दानी बढाउने सोच बनाएकी छु । हामी दिदी, बहिनीहरुले तरकारीबाटै गाउँघरमै पनि मनग्यै पैसा कमाउन सकिने मेरो २ बर्षको अनुभवले भन्छ *'बाटो मात्रै देखाउछन् अरुले, परिवर्तन आफैंले गर्नुपर्छ ।'* ❁❁❁

# म्याग्दीको तरकारी मुस्ताङ्गमा

✍ बुद्धिकुमारी पुर्जा
अध्यक्ष, सृजना म.वि.व.स.स., दाना

म्याग्दी जिल्ला, दाना गाविसको एक गरिव परिवारमा जन्म लिएर बाल्यकालमा आमाको माया, ममता कस्तो हुन्छ भन्ने कुरा मलाई अझै पनि थाहा छैन । मलाई जन्म दिएर १० दिनसम्म सबैलाई ढाँटेर दुध नखुवाई मरी भनेर गाड्न लागेको बेलामा मेरी कान्छी फुपुले ढुकढुकी सासको आस गरी गाड्न नदिई आफ्नो दुध खुवाएर मेरो सास धान्नुभएछ । बाल्यकालमा सुख भनेको के हो ? केहि थाहा नपाइकन बाख्रा चराएर र घाँस काटेर बित्यो । स्कूल पढ्ने के हो मलाई केहि थाहा थिएन । एकदिन भागेर स्कूल गएको बेला बज्यैले पिटेर ५ दिनसम्म उठ्न नसक्ने भए । यस्तो अवस्था पार गर्दै जिन्दगीको गति अघि बढ्दै थियो । यसै बीचमा मेरो विवाह भयो । २ छोराछोरीलाई जन्म दिए । घरखर्च टार्न रक्सी बेचेर चामल किन्नुपर्ने अवस्था थियो । श्रीमान्ले विदेशमा गएर कमाएर ल्याएको पैसाले एउटा सानो घर बनाई त्यहि घरमा होटल व्यवसाय शुरु गरे । धेरै समय होटल गरेर बसे । सबै मानिसको आईजाई हुने ठाउँ भएको कारण मानिसहरुसँग छिटो घुलमिल हुने स्वभाव बढ्दै गयो । दिनहरु बित्दै जाने क्रममा महिला विकासले दाना गाविसमा महिला सहकारी स्थापना गर्ने कुरा गरेपछि सहकारी स्थापना २०५८ सालमा गरी २०६६ सालमा यसलाई विधिवत दर्ता गर्ने काम गरियो । सहकारीको बारेमा केहि थाहा नभएको र पढे लेखेको केही नभए पनि दिदीबहिनीले अध्यक्ष पदमा बसेर काम गर्ने मौका दिनुभयो । सहकारीको नाम भएपनि समूह जस्तो गरेर चलेको थियो हाम्रो सहकारी । सहकारी के हो र कस्तो हुन्छ भन्ने कुरा थाहा थिएन ।

यसै क्रममा प्लान नेपालको साझेदारी तथा सहमतिको सहयोगमा म्याग्दी जिल्लामा सञ्चालित बालिका शक्ति परियोजना हाम्रो दाना गाविसमा प्रवेश गऱ्यो । हाम्रो समूहगत रुपमा सञ्चालित सहकारीले भिन्दै मोड लियो । सहकारीका बचत जम्मा गरी व्यवसायिकतामा अग्रसर गराइयो । ऋण लिई व्यवसाय गर्नेहरु निकै हुनुहुन्थ्यो । मेरो होटल व्यवसाय भएको कारण तरकारी किनेर होटल चलाउन गाह्रो महशुस भयो । यसै क्रममा आफ्नो होटलमा खपत हुने तरकारी म मेरो आफ्नै मेहनतले उत्पादन गर्ने सोचले ३ रोपनी जति जमिन भाडामा लिई तरकारी खेती गर्न शुरु गरे । सहमति संस्थाबाट एउटा टनेल माग गरी टमाटर खेती शुरु गरे । तरकारी खेतीले राम्रो सफलता दियो । एउटा टनेलबाट ८०० के.जि. टमाटर उत्पादन गरे र अन्य खुर्सानी, बन्दा, मुला बिक्री गरी जम्मा ६० हजार एक सिजनमा आम्दानी गर्न सफल भए । उत्पादनको हिसावले भन्दा पनि दाना गाविसमा रहेका सम्पूर्ण टनेलका टमाटर

(बाँकी ५ औं पेजमा)

# अनौठो छ कृषि व्यवसाय

✍ दिलकुमारी चोपाङ्गे
पाखापानी, म्याग्दी

म्याग्दी जिल्लाको पाखापानी गाविस वडा नं. १ मा बस्छु । मेरो नाम दिलकुमारी चोपाङ्गे हो । म ४४ वर्षकी भएँ । म पहिले पहिले खेतीपातीको काम गर्दिनथे । गरेपनि घरको काम मात्र गर्ने गर्थे । आफूलाई आवश्यक परेको तरकारी पनि पात्लेखेत, वेनिबजारदेखि किनेर त्याई गुजारा चलाउथे कित कुखुरा काटेर पाहुनालाई खुवाउने र आफूले खाने गर्दथे । घरको वरिपरी पुरै झार र दुबो मात्र उम्रिन्थ्यो । तरकारीको नाउँमा रायो र मुला मात्र लगाउने गर्दथे । तरकारीको नाउँमा दाल र मासु मात्र खाने गर्दथे ।

२०६९ मसिर महिनामा सहमतिद्धारा सञ्चालित बालिका शक्ति परियोजना आएपछि तरकारी खेती गर्ने भनि प्लाष्टिक टनेल वितरण गर्नुभयो । त्यसपछि मैले पनि प्लाष्टिक टनेल लिएर गोलभेडा खेती गर्न थाले । गोलभेडा रोपेको ३ महिनामै फल्न थाल्यो । कमनाथ गाउँका दिदीबहिनी सबैलाई मेरो घरबाट टमाटर पुग्न थाल्यो । कमनाथ मात्र नभएर पाखापानी गाविसका दिदीबहिनीहरुलाई थोरैथोरै गरी बेचेर पैसा कमाए । त्यसपछि मैले खुर्सानी, करेला, काउली पनि लगाउन थाले । पहिला हुँदैन भन्थे र रोप्ने पनि गर्थिन । तर अहिले आएर मैले थोरै भएपनि करेला, खुर्सानी, गोलभेडा लगाउने गरेको छु । यसबाट रु. १०,०००।– सम्म आम्दानी भएको छ । यहि तरकारीबाट आम्दानी गरी शेयर र बचत थप्न सफल भएकी छु ।

पहिला हाम्रो ठाउँमा तरकारी हुँदैन चिसो हुन्छ भन्ने गरिन्थ्यो । जब प्लाष्टिक घरमा टमाटर खेती शुरु गरे । यसमा तरकारी पनि उत्पादन गर्न सकेकी छु । यसो होइन रहेछ, गरेपछि हुँदोरहेछ भन्ने कुरा बल्ल थाहा भएको छ । अहिले वेनि, पात्लेखेत देखि तरकारी किनेर खानु परेको छैन । मैले आफै उत्पादन गरी आफ्नो घर र केहि दिदीबहिनीलाई समेत पुऱ्याएकी छु । यस संस्थाले गर्दा मैले तरकारी उत्पादन गर्न सफल भएकी छु । सहमति संस्थालाई म मुरीमुरी धन्यवाद दिन्छु । अझ बढी ज्ञान, सीप दियोस् भन्छु । त्यतिमात्र होईन कृषि प्राविधिकलाई गाउँमा नै राखेर काम गराएकोमा जतिखेर पनि भेटेर नयाँ रोग, कीरा र कुन बेला कुन जात लगाउने, कसरी लगाउने र त्यो ठाउँमा कुन जात हुन्छ भनेर सोध्न पाएको छु । यसैगरी यहाँका दिदीबहिनीलाई पैसा कसरी कमाउने भन्ने सिकाउनु भएको छ । सक्रिय बनाई बचत गर्नुपर्छ र एकले अर्कालाई सहयोग गर्नुपर्छ भन्ने भावनाको विकास गराएको सहमति संस्थालाई धेरै धेरै धन्यवाद दिन्छु । आगामी दिनमा अझ अगाडी बढ्ने अवसर दियोस् भन्दछु ।

# जंघार आफैले नतरे पानी कसरी पाउनु

✍ गौरी गर्वुजा

सचिव, सम्झौता युवा महिला संस्था

म एउटा युवा महिला भित्र पर्ने युवती हु । तर यो भन्दा पहिला मलाई युवा पनि समाजको मेरुदण्ड हो । उनीहरुलाई के, के आवश्यक पर्छ । समाजमा के समस्याहरु पर्न सक्छन् । त्यसपछि कसरी निचोड निकाल्ने र तिनीहरुको सवालको समाधान कसरी गर्ने भन्ने केहि थाहा थिएन । गाउँमा कसैले समस्या पर्‍यो भने पनि केहि भन्न सक्ने अवस्था थिएन । स्कूलमा सरहरुले युवा वर्गमा समस्या परेमा पनि केहि गर्न नसकिने अवस्था आउँछ । तर समस्यामा पर्दैमा विचलित हुनुभन्दा साथीहरुसँग सल्लाह, आफन्तहरुबाट प्राप्त विकल्पहरुको पहिचान गरी तिनको विश्लेषण गरेर निर्णय लिन सक्यौं भने समस्या हल गर्न सकिन्छ भन्नु हुन्थ्यो । तर हामीले केहि बुझ्न सकिरहेका थिएनौं ।

प्लान नेपाल तथा सहमतिको साझेदारीमा सञ्चालित बालिका शक्ति परियोजनाको सहयोगमा हाम्रो गाविसमा २०७० श्रावण १८ गतेका दिन सम्झौता युवा महिला संस्थाको जन्म भयो । त्यसमा सदस्य पदमा बसे । तर हामीले के गर्नुपर्छ, समाजमा के काम गर्नुपर्छ केहि थाहा थिएन । विस्तारै विस्तारै तालिम, गोष्ठी लिएर अलि सक्रिय भए जस्तो भयो । अवलोकन भ्रमणले पनि थप टेवा मिल्यो । मिति २०७० मंसिर ४ गते हाम्रो २० वटा गाविसको युवा महिलाहरुको अन्तर्क्रिया गोष्ठी सम्पन्न भयो । त्यसमा पनि २० वटा गाविसको युवा महिलाको समिति बन्यो । जसमा कोषाध्यक्ष पदमा छनौट भए । सायद जिल्लाको २० वटा युवा महिलाको पदमा बसेर पनि होला मलाई जिम्मेवारी बढी छ, कसरी नेतृत्व गरेर जाने भन्ने मनमा धेरै प्रश्न उठ्यो । सायद त्यसले गर्दा पनि मलाई सहज वातावरण मिल्यो जस्तो अनुभव भयो । हामीले सरसफाई देखि लिएर गाउँका सामाजिक काममा पनि हाम्रो समितिबाट सहभागिता हुन थाल्यो । तालिम, गोष्ठीमा निकालेका कार्ययोजनामा निकालेका सवालहरुमा कसरी काम गर्दै जाने बल्ल हामीलाई थाहा हुन थाल्यो । मिति २०७१ असार ३२ गतेका दिन किशोरी राधा युवा महिला सञ्जालको फेरी गोष्ठी भयो । त्यसमा धेरै गाविसबाट भएका कामहरु सुन्ने मौका मिल्यो । युवा महिलाहरुको समस्यालाई कसरी समाधान गर्न सकिन्छ भनि समितिमा एकआपसमा छलफल गर्‍यौं । काम गर्ने क्रममा स्कूल लगायत गाउँमा विभिन्न कार्यक्रम गर्न थाल्यौ । २०७१ श्रावण ५ गतेका दिन सचिवले काम नभ्याउने क्रममा देउराली महिला बचत तथा ऋण सहकारीका दिदीहरु अनि सम्झौता युवा महिला संस्थाका समिति लगायत अन्य उपस्थितिको निर्णय अनुसार सचिव पदमा बसे सायद सचिव पदमा बसेर मलाई जिम्मेवारी बढे जस्तो लाग्यो । अहिले लाग्छ अरुको देखासिकिबाट सिक्ने कुरा हो जन्मदै कसैले सिकेर आउँदैन । एउटा समाजको नेतृत्व गर्ने क्रममा कठिनाईहरु आई परे पनि पछि सबै कुरा विस्तारै जानिदोरहेछ । जब म सचिव पदमा बसे त्यसले ममा धेरै परिवर्तन ल्याएको छ । एउटा युवा महिलाको नेतृत्व गरेर हिडेपछि गाउँमा धेरै परिचित भईदोरहेछ । अहिले म निर्धक्कसँग कार्यक्रम सञ्चालन गर्न सक्ने भएको छु । सायद सहमति नआएको भए अझ यस्तो अवस्थामा आउन सक्ने थिएन होला । हाम्रो जीवनमा सिर्जनात्मक तथा समालोचनात्मक सीपको महत्वपूर्ण भूमिका हुन्छ । जसले हामीलाई जीवनमा महत्वपूर्ण निर्णयहरु लिन सहयोग पुर्‍याउँदछ । जुन सहमति नआएको भए मलाई यस्तो शब्द पनि आउने थिएन । अनि हाम्रो समाजमा परिवर्तन आउने थिएन । सहमति हाम्रो लागि अभिभावक बनेको छ । आफूले जान्नुपर्ने, सिक्नै पर्ने शब्द सिकाएको छ । अनि निर्धक्क हुन सिकाएको छ । आफूभन्दा ठूलो सदस्यसँग कस्तो व्यवहार गर्ने अरु संस्थासँग कसरी सम्पर्क, समन्वय गरेर हिड्ने भन्ने सिकाएको छ । मेरो लागि आमा, बुबा मेरो सबैभन्दा ठूलो हुनुहुन्छ भने सहमतिलाई त्यो रुपमा सोचेको छु ।

अर्को कुरा म जस्तै युवा महिलाहरुको सोचमा पनि परिवर्तन भएमा युवा वर्गमा एक नौलो चेतनाको विकास हुन सफल हुन सक्थ्यो । मैले समाजमा आफूले जानेका कुरा धेरै आदानप्रदान गर्ने गरेको छु । ममा निर्धक्क बोल्ने क्षमताको विकास गराउन सहयोग गर्ने सर्वप्रथम प्लान नेपाल र सहमतिमा कार्यरत सरहरु, हाम्रो सुपरभाईजरलाई हृदयदेखि धन्यवाद दिन चाहान्छु । सहमितले गर्दा आज म लगायत मेरा युवा महिला समितिको सपनालाई साकार बनाउन सहयोग गरिरहेको छ । आगामी दिनमा म जस्तै युवा महिलाको सपना दिगो बनाउँदै जानु, सहमति तिमी अझै सबैको धन्यवादको पात्र बनिरहनु ।

❁❁❁

## म्याग्दीको .............

तथा अन्य तरकारी संकलन गरी मुस्ताङ्गको व्यापारीहरुसँग सम्पर्क गरी सम्पूर्ण तरकारी संकलन गरी मुस्ताङ्ग पठाउन सफल भए । सम्पूर्ण दिदीबहिनीहरु पहिले पहिले तरकारी बिक्री नभएर हैरान हुनुभएको थियो । तर वहाँहरुको हौसला बढाउन सफल भएको कारण मेरो ठूलो सफलता मैले त्यसैलाई मानेकी छु । मेहनत हाम्रो भएपनि यो सफलताको श्रेय मैले सहमति संस्थालाई दिन चाहन्छु । हामी जस्ता गाउँका दिदीबहिनीलाई एउटै परिवार बनाई आँखा देखाउन सफल हुनुभएकोमा हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

❁❁❁

# बचत गर्न उमेरले छेक्दैन

✍ पतिसरा पाईजा
रघुगंगा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि., पाखापानी–२, म्याग्दी

म पतिसरा पाईजा म्याग्दी जिल्लाको पाखापानी गाविस वडा नं. २ मा बसोबास गर्छु । रघुगंगा महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को शेयर सदस्य साथै सञ्चालक समितिको सदस्यको रुपमा काम गरिरहेकी छु । लगानशील, मेहनती, प्रशन्नताका साथ ५८ वर्ष उमेरमा पनि त्यति नै जोश, जाँगर, केहि गर्नुपर्छ भनि सधैं लागि रहने, सत्यता र आफूलाई मनमा लागेको कुरा बोल्ने र राख्ने गर्छु । थोरै भएपनि बचत गर्ने, आयआर्जन कार्यमा संलग्न भई महिलाको समग्र विकासमा अघि बढ्नुपर्छ भन्ने लागेर समूहमा आवद्ध भएको हुँ ।

बचत के ?, किन ?, के को लागि ? भन्ने केही थाहा नभए पनि महिला विकासको सहयोगमा मासिक रु.५ बचत गर्दै भुमे आमा समूहमा संलग्न हुँदै आएको छु । त्यस संस्थाको सहयोगमा २०६६ सालमा सहकारी दर्ता गर्ने काम गरियो । सहकारी दर्ता पश्चात् समूहमा बचत र ऋण लगानी गर्दै आइरहेको थियो । सहकारीको बारेमा केहि पनि थाहा थिएन । शेयरको कुरा त कहाँ हो कहाँ । जब २०६९ मंसिर महिनाबाट महिलाको सामाजिक, आर्थिक, सांस्कृतिक विकासका लागि महिला समूह र सहकारीको क्षमता अभिवृद्धि, संस्थागत विकास साथै महिला सशक्तिकरणका लागि सहमति संस्थाको प्रवेश भयो । प्रवेश लगत्तै सहकारी संस्थाको अध्ययन अवलोकन भ्रमण मकवानपुर र सिन्धुली जाने क्रममा बल्ल थाहा भयो बचत, शेयर र सहकारीको आवश्यकता तथा महत्वको बारेमा । जब मकवानपुरको ति दिदी, बहिनीहरुको कुरा र सहकारीको वास्तविकता थाहा पाएँ मलाई यस्तो लाग्यो कि हामी आमाको गर्भ भित्र नै रहेछौं । किनकी मलाई लाग्थ्यो धेरै ठूलो काम गरेका छौं तर केहि गर्न सकेको रहेनछौ । जन्मेको पनि रहेनछौ कहाँ अघि बढ्न सक्नु । सँगसँगै सहमतिले आयोजना गरेको समूह व्यवस्थापन, सहकारी प्रवर्द्धन र आयआर्जनको लागि करेसाबारी तालिममा सहभागी भए । बालिका शक्ति परियोजनाद्वारा प्लाष्टिक टनेल वितरण गरियो । जस पश्चात् आज गाउँमा नै परिवर्तन आएको छ ।

हामी गरिब र पिछडिएका यसै नै छौ तर पनि महिलाले भविष्यमा सुखमय जीवनयापन गर्नको लागि केहि गर्नुपर्छ । जतिसुकै आर्थिक रुपमा परिवार सक्षम भएता पनि हाम्रो हातमा केहि नहुने रहेछ । मरिन्जेल दुःख गर्छौ तर हातमा लाग्यो शून्य त्यसैले बुढेसकालमा त्यो दिन नआउनको लागि अहिलेबाट नै आफ्नो नाममा बचत हुनुपर्छ भन्ने कुरा जब सहमतिले सिकाउनुभयो तब अहिले हरेक महिलाको नाममा केहि न केहि बचत रहेको छ । त्यसैगरी म आफूले पनि बाख्रा, तरकारी, कुखुरा, अरु पेवा बेचेर सहकारीमा रु. ५२,०००।– को शेयर, नियमित बचत रु.२१,८०।– खुत्रुके बचत रु. १०,६५८८।– आवधिक बचत रु.५०,०००।– गरी जम्मा बचत रु.१,३३,६५८।– जम्मा गरेकी छु । यो मेरो मेहनतको फल हो । यसमा श्रीमान्, छोरी र छोरा कसैको पनि हक लाग्ने छैन । उनीहरुबाट १ रुपैयाँ पनि लिएको छैन । अब त हातमा ५० रुपैंया भएपनि सहकारी सम्झिन्छु । इच्छा चाहना भएमा बचत गर्न उमेर र परिवारले छेक्दोरहेनछ ।

सहमतिले आँखा खोलीदिनु भएको छ । अब हरपल हरदम यो स्थानमा सास भए सम्म सहकारी र दिदिबहिनीको हकहितको लागि काम गरिरहनेछु । सहकारी महिलाहरुको सुख, दुःखको चौतारी हो । महिलाको ग्रामीण बैंक हो । सहकारीमा सबैले बचत गर्नुपर्छ । म भन्दापछि आउने दिदीबहिनीलाई पनि यहि सिकाउँदै जानेछु ।

❁❁❁

# परिवर्तन भए मेरा दिनहरू

✍ रितु थजाली
भिँ, म्याग्दी

मेरो नाम रितु थजाली हो । म्याग्दी जिल्लाको भिँ गाविसमा बस्छु । मैले पहिला खेतीपाती बाहेक अन्य कुनै व्यवसाय गरेको थिइन । तर आवश्यक परेको तरकारी पनि बजारदेखि किनेर खाने गर्दथे । सिजनको समयमा रायोको साँग र मुला मात्र लगाउने गर्दथे । बेसिजनमा हुने तरकारी केहि हुँदैनथ्यो । घर वरिपरी कुखुरा, बाख्राहरु मात्र घुम्ने गर्दथे । २०६९ मंसिर महिनामा सहमतिले तरकारी खेती गर्न प्लाष्टिक टनेल वितरण गऱ्यो । मैले एउटा टनेल लिएर टमाटर लगायत अरु तरकारी पनि लगाउन थाले । बल्ल केहि पैसा आम्दानी गर्न सफल भए । श्रीमान् स्कूलको शिक्षक हुनुहुन्थ्यो । छोरा र छोरीलाई बजारमा राखी पढाउँदा पैसाको सधैं अभाव हुने गर्दथ्यो । आवश्यक परेको बेला पैसा उपलव्ध हुँदैनथ्यो । अहिले आएर म आफूलाई चाहिने खर्च जुटाई सहकारीमा शेयर थप्न र बचत गर्न सक्ने भएकी छु । देउराली महिला बचत तथा ऋण सहकारी संस्थामा ३०,७००।– रुपैंया शेयर र ४,०००।– रुपैयाँ बचत र ३०,०००।– रुपैयाँ आवधिक बचत समेत गरेकी छु ।

त्यतिमात्र होइन यस संस्थाद्वारा प्रवर्द्धन भएको सहकारीको अध्यक्ष भएर काम गर्दा ममा व्यक्तित्व विकास र बोल्ने शैलीमा परिवर्तन आएको छ । त्यसैगरी म यस सहमति संस्थालाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु । कृषि प्राविधिक र सुपरभाईजरको सहजिकरणले गर्दा हामीलाई कृषि लगायत सहकारीको काममा सहयोग पुगेको छ । यस गाविसका दिदीबहिनीहरुलाई सक्रिय भई बचत गर्ने बानी र उद्यमशील बन्न प्रेरित गरेको हुँदा यस संस्थाप्रति म आभार व्यक्त गर्छु । हाम्रो समाज नै परिवर्तन हुन थालेको आभास मिलेको छ । अझ यस संस्थाको सहयोगको अपेक्षा गर्दै यहाँको महिलाको उन्नती, प्रगति भएको देख्न चाहन्छु । धन्यवाद ।

❁❁❁

# धन्यवाद सहमति तिमिलाई

✍ गीता रोका
पाल्लेखेत–७, वाखेत

आज म त्यो दिनलाई सम्झन चाहन्छु । २०७० मसिर महिनाका दिन सहजकर्ताले महिला समूह गठन गर्नुपर्‍यो भन्दै सहकारीको परिभाषा, उद्देश्य र महत्व बारे प्रष्ट पार्दै हाम्रो वार्डमा महिला समूह गठन गर्नुभयो । साथै समूहका पदाधिकारीको सामुहिक भेलाको सूचना प्राप्त भयो । भेलाबाट सहकारी दर्ता गर्ने निर्णयमा पुग्यौं । त्यसको लागि तदर्थ समिति गठन गरियो । गठन गर्ने समयमा अध्यक्ष पदमा को बस्ने भनि छलफल गर्दा दिदीबहिनी मार्फत मलाई अध्यक्ष पदमा बस्नका लागि अनुरोध गर्नुभयो । यसपछि मैले मनमा सोचे समूहमा बस्दा त आफ्नो क्षमतामा विकास भएको छ भने पक्कै पनि सहकारी मार्फत आफ्नो क्षमता विकासमा अझ थप सहयोग पुग्ने महशुस गरी अध्यक्ष पदमा बस्न तयार भए । त्यसको केहि समयपछि २०७० वैशाख २५ गतेका दिन सिद्ध महिला बचत तथा ऋण सहकारी संस्था लि.को नाममा डिभिजन सहकारी कार्यालय बाग्लुङ्गमा विधिवत रुपमा सहकारी दर्ता गरियो । हाम्रो गाविसमा विभिन्न संघसंस्थाहरु प्रवेश भई विभिन्न समूहहरुमा प्रवेश गर्न त सिकाएको थियो । तर हामीलाई सहकारी भनेको के हो ? सहकारी किन आवश्यक छ भन्ने कुरा थाहा थिएन ।

एक वर्ष अगाडि सहमति संस्था हाम्रो गाविसमा प्रवेश भई चुलोचौकोमा मात्रै सीमित रहेका महिला दिदीबहिनीहरुको सशक्तिकरण गर्न, महिलाहरुको आयस्तर वृद्धि गर्न, बचत र ऋण कार्यक्रमलाई दिगो बनाउनको लागि बालिका शक्ति परियोजना सञ्चलानमा आएपछि महिला सशक्तिकरण तालिम, कृषि सम्बन्धी विभिन्न खालका मौषमी तथा बेमौषमी तरकारी खेती तालिम, विउविजन तथा टनेल सहयोग, भकारो सुधार, मौरीघार, कृषि सम्बन्धी तालिम, भेटनरी तालिमहरु प्रदान गरेको छ । सहमति संस्था प्रवेश हुनुभन्दा पहिले करेसावारीमा मात्र सीमित रहेका थिए भने अहिले महिला दिदीबहिनीहरुले व्यवसायिक रुपमा मौषमी तथा बेमौषमी तरकारी खेती गरी आफ्नै गाउँघरमा पाईने रासायनिक मल, गहुँत प्रयोग गरी विषादी रहित तरकारी उपभोग गर्न पाएका छन् । टनेल अटाउने ठाउँमा बाली लगाई १ पाथी अन्न मात्र उब्जनी गर्दथे भने टनेलमा गोलभेडा खेती गरी धेरै भन्दा धेरै आम्दानी गर्न सफल भएका छन् । विउविजन किन्नको लागि सदरमुकाम धाउनु पर्दथ्यो भने अहिले सहज तरिकाले विउविजन किन्न पाएका छन् । विभिन्न व्यवसाय गरी आफ्नो नाममा आफै बचत गर्न पाएका छन् । यस संस्था प्रवेश हुनु भन्दा पहिला महिलाहरुको क्षमता अभिवृद्धि भएको थिएन तर अहिले विभिन्न प्रकारका (विभिन्न शिर्षकका) तालिमहरु लिन पाएका छौं । मेरो व्यक्तिगत कुरा गर्नु पर्दा यो संस्थामा प्रवेश हुनुभन्दा पहिले २/४ जनाको अगाडि उभिएर आफ्नो परिचय दिंदा १/२ शब्द राख्नु पर्‍यो भने यो भन्छु त्यो भन्छु भनेर मनमा रच्दथे तर अगाडी गएर भन्दा खेरी थरथरी कामेर भन्नै सक्दैनथे तर अहिले आफ्नो मनमा लागेका कुराहरु घण्टौसम्म पनि भन्न सक्ने भएको छु अर्थात् मेरो व्यक्तित्व पनि विकास भएको छ । म अरुको नामबाट होइन मेरो नामबाट नै परिचित हुन पाएको छु ।

यस प्लान नेपाल र सहमति संस्थाको साझेदारीमा सञ्चालित परियोजना र मनमा लागेका कुरा यसरी राख्नुपर्छ भनेर मद्दत गर्नुहुने लघुवित्त सुपरभाईजर प्रमिला थिङज्यूलाई मुरीमुरी धन्यवाद दिदै अन्तमा मेरो परिवारबाट गाउँ र समाजको लागि आफूले जाने, बुझेका कुराहरु गर्नुपर्छ, नजानेका कुराहरु सिक्नुपर्दछ भनेर हौसला बढाई दिनुहुने श्रीमान् खड्क बहादुर रोका र सासुआमा रेलमति रोकालाई धन्यवाद टक्राउन चाहन्छु । धेरै धेरै धन्यवाद सहमति परिवारलाई दिन चाहन्छु । ❁❁❁

# अघि बढ्दै ओखरबोटका महिला

✍ हरिमाया घर्ती
ओखरबोट

ओखरबोट गाविस–३ मा बस्ने म हरिमाया घर्ती हुँ । मेरो दुई छोरा र १ छोरी गरी ५ जनाको परिवार छ । जब म्याग्दी जिल्लामा २०६९ सालमा बालिका शक्ति परियोजना कार्यक्रम शुरुवात भयो । त्यसपछि यस ओखरबोट गाविसमा समूह गठन, तरकारी खेती र सहकारी स्थापना गर्ने भनि समूहको छलफल अनुरुप म पनि जनसहारा स्वावलम्वी महिला समूहको सचिवमा नियुक्त पनि भए । हाल म समूहको सचिवको रुपमा काम गर्दै आइरहेको छु । युवा महिला समूहमा नभए पनि युवा महिलाहरुको कार्यक्रम जस्तै सरसफाई कार्यक्रम, लोकगीत प्रतियोगिता, बैठक, तालिमहरुमा उनीहरुलाई पनि सहयोग गर्दै आइरहेको छु । कार्यक्रमबाट मैले १ वटा प्लाष्टिक घर सहयोग पाएपछि तरकारी खेती गर्नको लागि थप सहज भएको छ । मौषम अनुसार काउली, बन्दा, खुर्सानी, प्याज, लसुन, टमाटर, लौका, केराउ, आलु जस्ता तरकारीहरु लगाउन पनि तालिमबाट सिक्ने मौका पाएकी छु । मेरो घर गाउँमा छ तर बजार एकदमै टाढा हुँदा सोचे अनुरुप उत्पादन बिक्री गर्न गाह्रो हुँदोरहेछ । तर पनि थोरैथोरै भएपनि गाउँमा नै बिक्री गर्दछु । घरमा नै खाएर बचेको बिक्री गर्दा पनि बार्षिक ४०–५० हजार रुपैंया आम्दानी गर्ने गरेकी छु । पहिले बोल्न नसक्ने तर आजभोली अगाडि गएर बोल्न सक्ने भएकी छु । आत्मविश्वास बढेको छ । यसैगरी सहकारीको शेयर सदस्य पनि छु । त्यसमा रु. २,०००।– शेयर रकम र बचत रु. १,८००।– रहेको छ । जेहोस् आम्दानी कहिले धेरै कहिले थोरै त भइहाल्छ । यस कार्यक्रमबाट गाउँका दिदीबहिनीहरुमा आएको परिवर्तन हेर्दा खुशी लाग्छ । सहकारीमा शेयर लिनुपर्दछ र बचत गर्नुपर्छ भन्ने कुरा आफूले पनि सिके र अरुलाई पनि सम्झाउने गर्दछु । सहकारीमा बचत गर्नको लागि राम्रो आम्दानीको स्रोत भनेको त तरकारी खेती नै रहेछ । ❁❁❁

# मेहनत गरे यही माटोमा सुन फल्दछ

✍ कलदेवी जि.सी (घर्ती क्षेत्री)
अध्यक्ष, सृजनशील आयआर्जन महिला कृषक समूह, बाबियाचौर–५, लाम्पाटा

## परियोजना अघि :

परम्परागत रुपमा गहुँ, मकै, कोदो लगाउने गरिन्थ्यो र सिजनमा खानका लागि मात्र काउली, बन्दा र सिमी लगाइन्थ्यो । प्राविधिक ज्ञान, सीप, तालिम प्राप्त थिएन, जति उत्पादन भयो त्यसैमा सीमित रहि आएका थियौं । तरकारी बेचेर पनि केहि गर्न सकिन्छ जस्तो लागेको थिएन । बाबियाचौर गा.वि.स.मा रहेको जनआदर्श महिला सहकारीमा शेयर सदस्य भए पनि बचत गर्ने बानिको विकास भएको थिएन, साँच्चै भन्दा ऋणकै लागि मात्र म सहकारीमा सदस्य थिए ।

## परियोजना लागु भए पछि :

२०६९ बाट हाम्रो सहकारी संस्था र सहमति/प्लान नेपाल–बालिका शक्ति परियोजनाको सहकार्यमा हाम्रो गाउँमा व्यवसायिक रुपमा तरकारी उत्पादन गर्न आवश्यक सीप, तालिम र बिउ बिजनको सहयोग सहितका कार्यक्रम सुरु भए । परियोजनाको सहयोगमा कृषि अध्ययन अवलोकन भ्रमणमा पाल्पाको मदन पोखरा पुग्दा त्यहाँको भौगोलिक अवस्था, माटो, पानी आदि र व्यवसायिक कृषकले गरेको व्यवहार, त्यहाँका दिदीबहिनीहरुले गरेको तरकारी देखेपछि म भित्र नयाँ जोस सगै गरे त यही माटोमा सुन फलाउन सकिने कुराको चेतना पैदा भयो । अहिले आफ्नै लगानीमा १ वटा र परियोजनाको सहयोगमा थप १ गरी जम्मा २ प्लाष्टिक घरका साथै प्लास्टिक घर बाहिर पनि करिब ३ रोपनी जमिनमा गोलभेडा, काउली, बन्दा, भान्टा र खुर्सानी, उत्पादन गरिरहेकी छु । कम्पोष्ट मलको महत्व बुझ्रेपछि गोठ सुधार गरी कम्पोष्ट मल तयार गर्ने र गहुँत संकलन गरी तरकारी बालीमा प्रयोग गर्न सुरु भएको छ । गत बर्ष मात्रै मैले तरकारीबाट बार्षिक रु.१ लाखसम्म कमाउन सफल भएकी छु । यो आम्दानीबाट मैले हाम्रै सहकारी संस्थामा रु.२५,०००।– बराबरको शेयर खरिद गरी मासिक रुपमा २०० का दरले बचत पनि नियमित गरिरहेकी छु । कक्षा १२ र १० मा पढ्ने २ छोराहरुलाई कापी कलमको समस्या छैन। यस अवधिमा सहकारीबाट रु ६०,००० बराबरको ऋण पनि लिएर व्यवसायिक तरकारी र गोठसुधारको काममा लगानी गरेकी छु । श्रीमान् पनि अहिले वैदेशिक रोजगारीबाट फिर्ता भई तरकारी व्यवसायमा नै सहयोग गर्नुहुन्छ ।

समूह र सहकारीमा आवद्ध भई तरकारी खेती सम्बन्धी तालिम, ज्ञान र सीप, प्राविधिक सल्लाह प्राप्त गरी व्यवसायिक तरकारी खेती गर्न आज मलाई निकै मद्दत पुगेको छ । अहिले व्यवसायिक खेती गर्दा श्रीमान् पनि विदेश जानु पर्ने अवस्था छैन । आफ्नै ठाउँमा, परिवारसँग बसेर सामाजिक प्रतिष्ठासाथ जीवन बिताउन पाउनु साँच्चिकै खुशीको कुरा रहेछ ।

## भावी योजना:

पहिले तरकारी नलगाउँदा पानीको महशुस थिएन तर अहिले व्यवसायिक तरकारी खेती गर्दा यसलाई व्यवस्थापन गरी सिञ्चाईको बन्दोबस्त मिलाउन निकै आवश्यक लाग्यो । हाम्रो गाँउमा हामी सँगै अन्य ७ परिवार पनि तरकारी खेतीको आम्दानीबाट आर्कषित भई यसैमा लागेपछि गा.वि.स.कार्यलय, कृषि सेवा केन्द्र, परियोजना र हाम्रो सामुहिक पहलमा १८,००० लिटरको कलेक्सन ट्यांकी बनाई ५०० मिटर टाढा बाट पानी ल्याई १७ परिवारलाई न्युनतम ४० रोपनी भन्दा बढी जमिनमा तरकारी खेतीमा आवद्ध गर्ने र व्यवसायिक रुपमा अगाडी बढाउने साना सिचाँई योजना सञ्चालनमा छ । वाबियाचौर–५ लाम्पाटालाई सबैको सहयोगमा यस क्षेत्रको नमुना ठाउँको रुपमा चिनाउने हाम्रो सपनामा सबैको सुझाव र सहयोगको सदैव अपेक्षा गर्दछौ । ❁❁❁

# आम्दानी तेब्बर बनाउने सोंच

✍ भगवति रोका क्षेत्री
अर्मन गाविस वडा नं.–६, पिपलबोट

म भगवती रोका क्षेत्री अर्मन गाविसको वडा नं. ६, पिपलबोटमा बस्छु । ३ छोरा, श्रीमान र आफू गरी ५ जनाको परिवार छ । श्री लाली गुराँस स्वावलम्वी महिला समूहमा सदस्य एवं श्री लाँली गुराँस महिला बचत तथा ऋण सहकारी संस्था लि.को शेयर सदस्यको रुपमा आवद्ध छु ।

**कार्यक्रम पहिला :**

पुरानै तरिकाबाट धान, मकै, गहु लगाउँदै आइन्थ्यो । तरकारी केहि थिएन । कहिलेकाँही सिमि लगाइन्थ्यो । तरकारी सम्बन्धी कुनै ज्ञान थिएन । केटाकेटी सानै थिए । श्रीमान् विदेशमा त्यसकारण अप्ठ्यारो थियो । श्रीमान् विदेशबाट फर्किनु पनि, सहमतिको कार्यक्रम पनि आगमन भयो ।

**कार्यक्रम पश्चात् :**

अर्मन गाविसमा समूह गठन हुन थाले । सहकारी संस्था गठन भए पश्चात् म पनि समूह र सहकारीमा आवद्ध भई शेयर खरिद गरी बचत पनि गर्न शुरुवात गरे । त्यसै समूह मार्फत अर्मन गाविसमा व्यवसायिक तरकारी खेतीका लागि कृषक छनौट र तालिमहरुको आयोजना भयो । त्यस तालिमबाट तरकारी खेती सम्बन्धी ज्ञान, सीप पाएर तरकारी खेती लगाउन थाले । अहिले आएर प्लाष्टिक घर बनाई टमाटर ५०० के.जि. उत्पादन गरे । २ रोपनी क्षेत्रफलमा काउली, बोडी तरकारीबाट शुरु गरे । तरकारीबाट राम्रो आम्दानी हुँदो रहेछ । अहिले तरकारीबाट रु.५०,०००।– आम्दानी गर्न सफल भए । तरकारीबाट यति आम्दानी हुने कुरा सोचेको पनि थिइन ।

अब त अझ तरकारीको क्षेत्रफल बढाई आम्दानी बार्षिक रु.१,५०,०००।– बनाउने योजना बनाएको छु । अझ आफ्नै लगानीमा थप प्लाष्टिक घर बनाई टमाटरको आम्दानी बढाउने, श्रीमान्लाई पनि यसै व्यवसायमा लागेर काम गर्ने इच्छा रहेको बताउनु हुन्छ । सहमतिबाट बेलाबेलामा प्राविधिक सहयोग र तालिम, ज्ञान, सीपको सहयोगको अपेक्षा राख्दछु । अन्त्यमा बालिका शक्ति परियोजनालाई धन्यवाद दिन चाहन्छु । ❁❁❁

# युवाको जोस व्यवसायको खोज

✍ इन्द्रमति फगामी
देविस्थान, म्याग्दी

मानिसले आँट गरेपछि काम पनि आफै व्यवस्थापन मिलाएर आउँदो रहेछ । सबै चिज आफै आउनुभन्दा पनि त्यसलाई हामीहरुले केहि खोजी गर्न सिक्नु पर्दो रहेछ । आज म त्यसको उदाहरण दिन सक्ने भएकी छु । आज भन्दा दुई वर्ष पहिलाको कुरा गर्नु भन्दा पहिला मेरो पारिवारीक अवस्था र परिवर्तनशील समाजलाई म सम्झन पनि सक्दिन किनकी बुढा बाबु, आमा त्यस मध्येकी पहिलो सन्तान । नेपालको दुर्गम पिछडिएको समाज छोरीलाई पढाईमा भन्दा पनि घरायसी काम धन्दा सिकाउनुपर्छ भन्ने सोचाई यस्तै यस्तै समाजका सकारात्मकता तिर डोऱ्याउन खोज्ने तर नकारात्मक पनि भन्न नमिल्ने मानिसहरुको बिचारबाट म पनि अछुतो हुन सकिन । परिवारको पहिलो सन्तान त्यसैमाथि पनि छोरी भएर जन्मिनु मेरो लागि सायद अहिलेको सोचाईमा कमजोर त होइन तर पछि फर्केर हेर्दा कुन जन्मको पाप जस्तो लाग्दथ्यो ।

यस्तै यस्तै सोचाईमा डुबुल्की मार्दै युवा अवस्था पार गर्दै थिए । त्यहि बेलामा मालिका महिला सहकारी तथा त्यसको मेरुदण्डको रुपमा उभिएको सहमति र प्लान नेपाल मेरो लागि यो धर्तीमा सबैभन्दा ठूलो वरदान भएर आयो । बाबु, आमाकी एक्ली छोरी त्यसमाथि दुई सानासाना भाईकी पनि एक्ली दिदी भएर होला मलाई ती भाईहरुको भविष्य र घर परिवारको बारेमा सोच्दा सोच्दै भर्खर शुरु गरेको स्कूले जीवनबाट पाँच कक्षा पढेर ६ कक्षा शुरु गर्दा गर्दै बिचैमा छाड्नु पऱ्यो र मेरो जीवनको यात्रा नै अन्त्य भयो जस्तो लाग्थ्यो तर जब गाउँमा सहकारी र संस्थाको नाम सुनिन थाल्यो । मेरो चन्चल मनले पनि केहि साहारा खोज्न थाल्यो । हल्ला के रहेछ भने गाउँमा दिदी बहिनी जम्मा भएको ठाउँमा पुगे । त्यहाँ गएपछि थाहा पाए अब गाउँमा महिलाहरुको लागि केहि हुँदैछ । त्यो सुनेपछि मलाई पनि समूहमा बस्न मन लाग्यो र बसे । विस्तारै गाउँमा आउने तालिम र कार्यक्रमहरुमा सहभागी बन्दै गए । त्यसको केहि समयपछि त्यहि सहकारी मार्फत युवा महिला संस्था गठन गर्ने निर्णय भयो र मेरो भाग्यको साथ र मेरो प्रयासले उक्त संस्थाको अध्यक्ष हुन पाएँ । त्यसपछि अहिले मलाई लाग्छ अब म पनि केहि गर्न सक्छु ।

समूहमा आवद्ध हुने क्रममा संस्थाको तर्फबाट एउटा प्लाष्टिक टनेल पाएको थिए । अहिले मेरो साहारा भनेको परिवारसँगै त्यहि टनेल र संस्था साथै सहकारी बनेको छ । अहिले सहकारीमा त्यहि टनेलको आम्दानीले रु. १०,०००।– आवधिक बचत र नियमित बचत साथै गाउँका अन्य समूहमा गरी जम्मा १६,०००।– जम्मा गरिसकेको छु भने घर परिवारमा पनि ढुक्कले खर्च चलाउँदै आईरहेकी छु ।

यसरी म्याग्दी जस्तै नेपालका ग्रामीण दुर्गम भेगमा छरिएर रहेका युवा जनशक्तिलाई एकिकृत गर्दै नेपालका सरकारी निकायहरुले पनि युवामुखी क्रियाकलापहरु सृजना गरिदिए नेपालीको पसिनाबाट नेपालमा नै मोति फल्ने थियो र फलाउनमा पनि सहयोग मिल्ने थियो भन्दै प्लान नेपाल र सहमतिको साझेदारीमा सञ्चालित बालिका शक्ति परियोजना टिमका सम्पूर्ण साथीहरुलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । ❁❁❁

# मेरो जीवनमा कृषिले ल्याएको परिवर्तन

✍ दिलमाया वि.क
कुईनेमंगले, म्याग्दी

म्याग्दी जिल्लाको विकट गाविस कुईनेमंगलेमा जन्म लिनु भएको दिलमाया वि.क हाल ३० वर्ष उमेरमा ३ वटा सन्तानको आमा बन्न पुग्नुभएको छ । वहाँ धेरै विकट ठाउँमा भएको र शिक्षाको कमि र कुनै सीप नभएको कारण सानो उमेरमा विवाह भई चाँडै सन्तानको आमा हुनुपरेको कुरा बताउनु हुन्छ । म्याग्दी जिल्लाको सबैभन्दा विकट र गरिव गाविस भनेर चिनिने कुईनेमंगलेमा पहिला आफ्नो पारिवारीक स्थिति कमजोर भएको कारण र के गर्नुपर्छ, कसरी अगाडि बढ्नुपर्छ भन्ने बारे केहि थाहा नभएको कारण अध्यारोमा रोमलिनु परेको बताउनु हुन्छ ।

आफ्नो बालबच्चालाई राम्रो शिक्षा दिन पनि नसकेको बताउनुहुन्छ । जब त्यस कुईनेमंगले गाविसमा बालिका शक्ति परियोजना गयो । त्यसपछि म र मेरो गाउँमा उज्यालो ज्योती बल्यो भन्नुहुन्छ– “म यो बालिका शक्ति परियोजनाको सहयोगमा खुलेको सहकारी संस्थामा प्रवेश गरे र त्यो संस्था मार्फत खुलेको सहकारी मार्फत एकवटा प्लाष्टिक टनेल बनाउने अवसर पाए र यो कसरी बनाउने भन्ने बारे यहि संस्थाबाट खटाउनुभएको कृषि प्राविधिकको सहयोगमा मैले प्लाष्टिक घर बनाए ।” शुरुमा प्लाष्टिक घरभित्र गोलभेडा रोपे र साथमा बन्दा, काउली, गाजर, मुला जस्ता विभिन्न थरीका तरकारी पनि लगाउन थाले । त्यसबाट एक सिजनमा रु. १०,०००।– देखि रु १५,०००।– सम्म आम्दानी गरेको बताउनु हुन्छ । म पहिला केहि ज्ञान नभएको कारण केहि तरकारी लगाउँदैनथ्यौ अहिले यस कार्यक्रमको सहजिकरण सहयोगबाट हाम्रो ठाउँमा पनि यस्तो विभिन्न थरीका तरकारी हुँदा रहेछन् भन्ने थाहा भयो । मैले यो तरकारीबाट लिएको आम्दानी केहि घरखर्च, केहि बालबच्चा पढाउन खर्च गरेको छु र केहि पछिको लागि भनि सहकारीमा बचत गर्दै आएको छु ।

यस बालिका शक्ति परियोजनाको सहयोगबाट मेरो जीवनमा धेरै नै परिवर्तन आएको छ र मलाई तरकारी खेतीतर्फ इच्छा र हौसला पनि जागेको छ । पहिला म एक सिजन मात्र आलु लगाउने गर्थे भने अहिले २/३ सिजन विभिन्न जातका तरकारी उत्पादन गर्दै आएको छु । म यस परियोजना, सहकारी र मलाई हातेमालो गर्दै तरकारी लगाउन सिकाउनुहुने प्राविधिकलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

❁❁❁

# कृषि मेरो सहयात्री

✍ विष्णु रखाल
पात्लेखेत, ३ माग्दी

म पात्लेखेत गाविस म्याग्दी जिल्लामा जन्मेको हु । म १८ वर्षको उमेरमा कक्षा आठ पास गरी ४ वर्ष सम्म संस्थामा संलग्न रहे । २८ वर्षको उमेरमा विवाह भयो र केहि वर्षपछि २ छोरा र २ छोरी जन्मिए । मेरो पारिवारीक जिम्मेवारी थपिदै गयो । त्यसपछि छोराछोरीलाई लालनपालन, लत्ताकपडा, कापी, कलम किन्ने पैसा पनि नपुग्ने अवस्था सृजना भयो । बाजे बराजुको पालाको खेतीपातीले खान पनि नपुग्ने अवस्था आयो । समय वित्दै गयो । जेठा छोराले एस.एल.सी. पास गरेपछि उच्च शिक्षा हासिल गर्नको लागि गाउँमा स्कूल नभएर बजारमा पढ्न पठाउनुपर्ने भयो । तर पैसा नभएको कारण उसलाई उच्च शिक्षा लिनबाट बञ्चित भयो । त्यसपछि उ सानोतिनो काम गर्न लाग्यो ।

जेनतेन घर खर्च र तीनवटा छोराछोरीलाई एस.एल.सी. पास गराए । तर उच्च शिक्षा दिन सकिन । केहि वर्ष पछाडी ३ छोराछोरीको विवाह गरिदिए । सारै आर्थिक समस्या भयो । पैसाको कारण न त विदेश जान सके न त कुनै व्यवसाय नै शुरु गर्न सके । त्यसपछि मैले आफ्नै सोचले केहि काउली र बन्दा लगाए । त्यसबाट राम्रै आम्दानी भयो । त्यसैबाट प्लाष्टिक किनेर ल्याई टमाटर खेती पनि गर्न लागे । अझ बढी आम्दानी भयो र केहि ऋण तिर्नुपर्ने थियो । ऋण पनि तिरे । घरखर्च चलाउन अलि सजिलो भयो । २०६९ सालमा सहमति म्याग्दी आएपछि फेरी एउटा (१) थप प्लाष्टिक ल्याई मौषमी र बेमौषमी तरकारी उत्पादन गरी बाह्रै महिना आम्दानी गर्न थाले । मैले मौषमी भन्दा बेमौषमी तरकारी बढी निकाली बेच्ने गर्छु । मौरीपालनको तालिम लिई १ घारबाट ४ घार बनाई मौरीबाट पनि आम्दानी गरेको छु । अहिले मलाई घर चलाउन एउटा छोरालाई बि.ए.सम्मको अध्ययन गराउन सफल भएको छु । त्यति मात्र होईन सिद्ध महिला बचत तथा ऋण सहकारी संस्थामा रु. ५,०००।- शेयर र रु. ३,५००।- बचत समेत गरेको छु । आफ्नै घर गाउँमा नै व्यवसाय गरी बार्षिक रुपमा रु. ८०,०००।- सम्म आम्दानी गर्न सफल भएकी छु । पहिलेको भन्दा अहिले आर्थिक अवस्था धेरै सुदृढ हुँदै आएको छ र अरु साथीहरु जसरी विदेशिनु परेको छैन ।

यस बालिका शक्ति परियोजनाबाट मलाई अझ बढी आधुनिक तरिका र प्राविधिक ज्ञान प्राप्त गरेको छु र मलाई अझ बढी व्यवसायिक बन्न उत्प्रेरणा मिलेको छ । । कृषि प्राविधिकको सहयोगमा विभिन्न नयाँ रोगहरु, विउविजनका उन्नत जात थाहा भएको छ । यस गाविसका दिदीबहिनीलाई सहकारीमा आवद्ध गराई महिला सक्रियता र उद्यमशील बन्न सक्ने गराएकोमा लाखलाख धन्यवाद छ सहमति संस्थालाई । अझ बढी यस गाविसमा सहयोग गरोस भन्दै विदा हुन्छु ।

❁❁❁

# एक सिजनमा ३ लाखसम्म कमाई

✍ कृष्ण कुमारी महत
वेनी नगरपालिका-१, रत्नेचौर

मैले २०६५ साल शुरु गरेको १ रोपनी क्षेत्रफलमा थोरै धेरै तरकारी खानको लागि लगाउँदै आईरहेको थिए । धान खेती र मकै बाहेक अरु आम्दानिको स्रोत पनि थिएन । । दुई छोराछोरी वि.ए.र सानो छोरा ९ कक्षामा अध्ययनरत छन् । तरकारीबाट के आम्दानी होला भनी चिन्तित थिए । केहि गर्ने आँट पनि नआउने होकि भन्ने खुलदुलि लागिरहन्थ्यो ।

यसैबखत एकदिन मेरो प्लान नेपाल र सहमति संस्थासँग सम्पर्क भयो । म रत्नेचौर महिला बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य भए । महिलाकैं निम्ती भनेर स्थापना भएको सहकारी पक्कै हामी दिदी बहिनीहरुको लागि साह्रै नै राम्रो रहेछ । यसै क्रममा संस्थाबाट मैले विभिन्न किसिमका सहयोग प्राप्त गरे सिजन अनुसार विउ विजन तालिमहरु पाँए । सिञ्चित नभएको क्षेत्र रत्नेचौर जसमा सिंचाइको लागि मलाई प्लाष्टिक पोखरीको सहयोग प्राप्त भयो जसबाट मैले व्यवसायिक तरकारी (काउली, बन्दा, टमाटर, काँक्रा) खेती गरी १ सिजनमा ४ रोपनीमा २ लाख ५० हजारदेखी ३ लाखसम्म आम्दानी गरी सकेको छु । साथसाथै गोठ सुधार गरी त्यसबाट गहुँत संकलन, प्राङगारीक मल उत्पादन गरी तरकारी बालिमा प्रयोग गरी स्वास्थ तथा ताजा तरकारी उत्पादन गर्दै आइरहेको छु । रासायनिक मल तथा विषादिको न्यूनिकरण गर्नुपर्दछ भन्ने कुरा समुदायमा फैलाउँदै आएको छु ।

आम्दानीमा बृद्धि हुन लागेपछि मेरो परिवारका सदस्यहरुले कृषि कार्यमा साथ दिदै आइरहेका छन् । पहिला कुनै कार्यक्रममा भाग लिन हिचकिचाहट गर्ने म अहिले कृषिबाट पनि समुन्नत परिवार निर्माण गर्न सकिन्छ भन्ने कुराको बोध भएको छ । जसको फलस्वरुप रत्नेचौर महिला बचत तथा ऋण सहकारी संस्थाको उप समितिहरु अर्न्तगत कृषि उपसमितिको संयोजकको जिम्वेवारी निर्वाह गर्दै आइरहेको छु । गाउँका दिदी बहिनिहरुलाई सहकारीमा बचत गर्नुपर्छ भन्ने गर्दछु । सहकारीबाट ऋण लिएर कृषि पशुपालन जस्ता आयमुलक कार्यमा लगाई त्यसबाट प्राप्त आम्दानी सहकारीमा जम्मा गरी बुढेसकालको जोहो, लालन पालनमा सहयोग पुग्ने आशा राखेकी छु ।

मेरो लक्ष्य आफूले अझै व्यवसाय बढाउने १५ रोपनीसम्ममा व्यवसायिक तरकारी गर्दै फर्म समेत दर्ता गर्ने र वेरोजगार दिदीबहिनीहरुलाई आफ्नो आम्दानीबाट आकर्षक पार्दै व्यवसायिक तरकारी खेती गर्न उन्मुख गराउने रहेको छ ।

❁❁❁

## विदेशमा मात्रै भर नपरौं, स्वदेशमै केही गरौं

✍ मिना पुन
रुम, ३ कलात

वैदेशीक रोजगारीबाट कमाएर आउने रकम भनेको त भेलबाढी जस्तै रहेछ भन्ने लाग्छ । मेरो श्रीमान् वैदेशिक रोजगारीको शिलशिलामा साउदी अरब पलायन हुनुभएको छ । वैदेशिक रोजगारीबाट आएको रकमले घरधन्दा चलाउन मुश्किल हुँदोरहेछ किनकी परिवार संख्या नै ठूलो छ हाम्रो ९ जनाको । पहिला त मैले करेसाबारीको रुपमा मात्रै तरकारी खेती गर्दै आइरहेकी थिए । जव बालिका शक्ति परियोजना कार्यक्रम हाम्रो यस रुम गाविसमा पनि सञ्चालन भयो । परियोजना लागूभएपछि सहकारी संस्थाहरु गठन पनि भए । तरकारी खेती सम्बन्धी तालिम, समूह व्यवस्थापन, सहकारी व्यवसायिक योजना तालिम सम्बन्धी पनि तालिम लिएकी छु । करेसाबारी शुरुवात गर्दा हाल आएर २ रोपनी जग्गामा तरकारी खेती गरी व्यवसायिक कृषकको रुपमा गनिन थालेकी छु । सहमति संस्थाले विभिन्न तरकारीका बीउविजन पनि वितरण गर्दा अझ सहज भएको छ । आफ्नै लगानीबाट १ वटा प्लाष्टिक घर पनि निर्माण गरेकी छु । तरकारी खेतीबाट बार्षिक ५५,००० देखि ६०,००० रुपैया पनि कमाउन सफल भएकी छु ।

व्यवसायिक तरकारी खेती अझ प्रभावकारी बनाउनको लागि गोठ सुधारको लागि बालिका शक्ति परियोजनाको सहयोग रु.५,००० र सहकारीले पनि छनौट गरी सिफारिस गरेको थियो । गोठ सुधारपछि गोबर सोर्न सजिलो, भाँडाको पनि जतन हुने, गौमुत्र संकलन गरी बालिनालीमा प्रयोग गर्दा बाली सप्रिएको र गाईवस्तुलाई बस्न पनि सहज भएको महशुस गरेकी छु ।

यसैगरी रुम महिला बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य पनि बनेकी छु । शेयर रकम रु.२,००० बचत ११,००० गरेकी छु । खुत्रुके बचत पनि शुरु गरीसकेकी छु । पछि सोच्दै जाँदा कुखुरापालन गर्न इच्छुक पनि भए र आफ्नै गाविसको महिला सहकारीबाट रु.१०,००० ऋण लगानी गरे । ५० वटा कुखुरा पनि राखे त्यसमा १५,००० खर्च लाग्यो र नपुग ५,०००।– तरकारीबाट कमाएको रकम सदुपयोग गरी १५,००० कुखुराको रकम चुक्ता पनि गरे । अहिले मैले कुखुराबाट ५,००० आम्दानी गरीसकेकी छु । तरकारी खेती सँगसँगै कुखुरापालन गर्दा धेरै फाइदा भएको महशुस गरेकी छु । आम्दानी भएको रकम शिक्षा, स्वास्थ्य, घर खर्च र बचत पनि गर्ने गरेकी छु ।

जे होस् श्रीमान् वैदेशिक रोजगारीमा जानु भएता पनि आफ्नो घर खर्च चलाउन सहज भएको छ । गाउँघरमा नै उपलव्ध हुने श्रोत र साधनको सदुपयोग बारे प्राविधिक ज्ञान पाएपछि त्यसलाई उपयोग गर्न जाने आफैलाई फाइदा पुग्ने रहेछ भन्ने जानकारी हाँसिल गरेकी छु । दुवै जनाले काम गरे बचत गर्न सजिलो हुँदो रहेछ । विदेशमा छ भन्दैमा भर पर्नु हुँदैन रहेछ भन्ने कुरा बुझेर तरकारी खेती र कुखुरा पालनतर्फ आकर्षित भएकी हुँ । व्यवसायिक तरकारी खेतीको लागि विउविजन, तालिमहरु, गोठ सुधार कार्यक्रममा छनौट गरी सहयोग गरिदिने सहकारी र बालिका शक्ति परियोजनालाई धन्यवाद दिन चाहन्छु । नयाँ नयाँ प्राविधिक ज्ञानको बारेमा पनि अझ मलाई मात्र नभई अरु दिदीबहिनीहरुलाई पनि यसैगरी निरन्तर रुपमा सिकाउँदै जानुहोस् पनि भन्न चाहन्छु । ❁❁❁

## विपन्नको साथी "सहकारी" अनि "तरकारी"

✍ विमला वि.क.
निस्कोट, २ रिठेचौर

मेरो नाम विमला वि.क. हो । हाल म २२ वर्षकी भए । मेरो परिवारमा बाबा, आमा, दुई भाइ र बहिनी गरी ६ जनाको परिवार छ । घरको सबैभन्दा जेठी छोरी म नै हुँ । मेरो पढाई भन्नुपर्दा ३ कक्षा पढ्दापढ्दै गर्दा आमा विरामी परेकोले मेरो पढाई छुट्यो र पछि पढ्न पनि गईन । मेरो एउटा भाइ ९ मा, सानो भाई ३ मा र बहिनी ५ कक्षामा सरकारी स्कुलमा पढ्दै आईरहेका छन् । हाम्रो घर गाँउमा थियो । सम्पत्तिको नाउँमा खरवारी मात्रै छ । खेतीपातीको लागि जग्गा नहुँदा हाल निस्कोट–२, रिठेचौरमा मालिकको जग्गामा सानो घर बनाएर बस्दै आईरहका छौ । मालिको जग्गा अधिया लिएर खेतीपाती पनि गर्दछौ । भाइ मालिकको घरमा काम गर्दा गर्दै हाल छुटेर ९ मा पढ्दै पनि छ । हाम्रो अवस्था एकदमै नाजुक छ । मेरो बाबाले गाउँको पियनको रुपमा पनि काम गर्नुहुन्छ ।

जब बालिका शक्ति परियोजना लागु भए पश्चात् सहकारीको स्थापना भयो । हामी एकदमै विपन्न वर्गको परिवार भएको हुँदा सहकारीले हामीलाई सिफारिस गरेको थियो तर हामी मानेका थिएनौ । गाउँका दिदी, बहिनी र सहमतिका कर्मचारीहरुले तरकारी खेती सम्बन्धी सम्झाएपछि प्लाष्टिक घर राख्न मन्जुर भयौ । २ वटा प्लाष्टिक घर त पाईयो । तर आर्थिक अवस्था कमजोर भएको हुँदा सहकारी र समूहका दिदी, बहिनीहरुले प्लाष्टिक घर निर्माणको लागि बाँस सहयोग गर्नुभयो । प्राविधिकको सल्लाह अनुसार २ वटा प्लाष्टिक घर निर्माण गर्‍यौं ।

पहिला त म बोल्न पनि नसक्ने लजाउने गर्दथे । जब युवा महिला क्षमता अभिवृद्धि तालिम र तरकारी खेती प्रविधि सम्बन्धी तालिम हाँसिल गरेपछि हाल पहिले भन्दा अहिले व्यक्तित्व विकास हुँदै गएको अनुभव बटुलेकी छु । यसैगरी श्री सृजना महिला बचत तथा ऋण सहकारी संस्थामा मेरो आमा शेयर सदस्य पनि हुनुहुन्छ । तरकारी खेती सँगसँगै बाख्रा, भैंसी र कुखुरा पनि थोरै भएपनि पालेका छौं । बाख्रा र भैंसी किन्न पैसा नपुग्दा १०,००० सहकारीबाट ऋण लगानी गरी ४,२०० बाख्रामा र ५,८०० भैंसी किनेर ल्याएका छौं । हाल १ वटा बाख्राबाट ४ वटा भइसकेको छ । बाख्रा बेचेर रु. ६,००० रकम आम्दानी गर्न सफल भएकी छु । तरकारी खेती गर्नुपर्छ भन्ने कुरा बल्ल बालिका शक्ति परियोजनाले बताएपछि शुरु गर्दै पनि छु । तरकारीबाट लगभग रु.८,००० आम्दानी भएको छ । शुरुवातमा तरकारी खेती गर्न गाह्रो हुँदोरहेछ । तैपनि हार नमानी खेती गर्दैछौ । अझै सिक्दै छौं । आम्दानी भएको रकमले भाईको स्कूल फि तिर्न निकै सहयोग मिलेको छ ।

ताजा तरकारी बाह्रै मास खानुपर्छ र त्यसको उत्पादन आफै गर्न सकिदो रहेछ भन्ने अनुभव भएको छ । यस्तैगरी दुःखमा परेकालाई परिवर्तन गर्दै आउनु भएकोमा सुख, दुःखको साथी सहकारी र बालिका शक्ति परियोजना भएको छ । यस्तैगरी हामी जस्ता विपन्न वर्गका परिवारलाई सहयोग गर्दै जानुहोला र हामी आफै पनि परिवर्तन हुँदै जानेछौ भन्दै बालिका शक्ति परियोजना कार्यक्रमलाई हामीलाई सहयोग गर्नुहुने सहकारी र समूहका दिदीबहिनीलाई धन्यवाद दिन चाहन्छु । ❁❁❁

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाबिसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| क) साझेदारी कार्यक्रम | | | | | | | | | | | | | |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी | जौवारी, भारतीपुर, नरम, अर्खला, रुचाङ्, मिथुकरम, बुलिङ्गटार, मुकुन्दपुर | ३८४१ | ५७१ | ३१८७ | ६८२ | ४४४० | ३९९२ | ४४८ | ७ | ५ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासी | अर्खला, बुलिङ्गटार, रतनपुर, कोटथर, डांडाझेरी र गैडाकोट न.पा. | ३१८२ | १६५९ | १८०६३ | ११४० | २०८६२ | १०१०९ | ८७९० | २ | ६ |
| ३ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गाविस | १५,१७६ | २२०५ | १०९२९ | ६००४ | १९१३८ | १९१३८ | ८०५ | ६ | ६ |
| ४ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ गा.वि.स. | ८९२० | ४४७९ | १८३७ | ४९१२ | ११२२८ | ११२२८ | | ६ | ६ |
| ५ | बालिका शक्ति परियोजना | प्लान नेपाल | म्याग्दी | २० गाविस | ६८५२ | १८३४ | ४५३८ | १४२७ | ७७९९ | ७७९९ | १६६१ | १० | ९ |
| ६ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी र तनहु | नवलपरासी- जौवारी, नरम, डाडाझेरी, रुचाङ्ग र अर्खला तनहु-बन्दिपुर नगरपालीका (बन्दिपुर र धरमपानी गा.वि.स. मिलाएर बनेको), वैदी, छिपछिपे, छिम्केश्वरी, देउराली, आबुखैरेनी | १०३२ | १७ | ९१६ | ९९ | १०३२ | ३३१ | – | ३ | २ |
| ख) केन्द्रीय कार्यालय | | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | ८ |
| जम्मा | | - | ५ जिल्ला | ७४ गा.वि.स, २ नगरपालिका | ३९००३ | १०७६५ | ३९४७० | १४२६४ | ६४५५९ | ५२५९७ | ११७०४ | ३५ | ४२ |

## कार्यक्रम गतिविधि (श्रावण-असोज, २०७१)

**सहमतिद्वारा सञ्चालन गरिएका कार्यक्रम गतिविधिहरू निम्नानुसार रहेका छन् ।**

### समुन्नति कार्यक्रम नवलपरासी

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङकङ्सँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- नरम तथा बुलिङ्गटार गाविसमा ३ वटा समूह व्यवस्थापन तथा नेतृत्व क्षमता विकास तालिम सम्पन्न, जसमा समूहका ७८ जना महिला सदस्यहरुको सहभागिता रहेको थियो ।
- कार्यक्षेत्रका ५ वटा गाविस (रुचाङ्, मिथुकरम, नरम, अर्खला र बुलिङ्गटार) मा गरी २६ वटा प्लाष्टिक टनेल निर्माण कार्य सम्पन्न भई बेमौषमी टमाटर खेतीको शुरुवात ।
- पहाडी क्षेत्रका ६ वटा गाविस र मुकुन्दपुर गाविसमा SRI धान खेती प्रविधिको परिक्षण र अनुसन्धान कार्य सम्पन्न । केहि गाविस वाहेक धेरैमा दोब्बर धान उत्पान गर्न कृषकहरु सफल ।
- कार्यक्षेत्रका सबै सहकारी संस्थाहरुको लेखा परिक्षण कार्य सम्पन्न भई साधारण सभा गर्ने तयारी ।
- मिथुकरम गाविसमा गाउँवेंसी बहुमुखी सहकारी संस्था लि.को पदाधिकारी र सक्रिय सदस्यहरुका लागि सहकारी व्यवस्थापन तालिम सम्पन्न । सहकारीमा सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान भई कार्ययोजना अनुसार कार्य शुरु ।
- कार्यक्षेत्रका ४ गाविस (अर्खला, बुलिङ्गटार, रुचाङ्, मिथुकरम) मा नमूना विउ प्लट सहयोग जसबाट १२० जना बढी कृषकलाई विरुवा उपलब्ध भई तरकारी खेती शुरु ।

### लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- कार्यक्षेत्रको कुल २०,४१० घरधुरीहरु मध्ये १५,१७६ वटा घरधुरीलाई २० महिला वचत तथा ऋण सहकारी र २२ वटा युवा समुह मार्फत कार्यक्रमले समेट्न सफल भएको छ । कुल १८० वटा वडाहरुका १११३ वटा महिला समुहका १९,१३८ जना ग्रामिण महिलाहरुलाई प्रत्यक्ष लाभ पुऱ्याइ राखेको यस कार्यक्रमले चारवाट गा.वि.स.का सवै घरधुरीलाई समेटिसकेको छ । हाल तिनवटा अरु गा.वि.स.हरु सत्प्रतिशत घरधुरी आवद्ध अभियानमा लागी राखेका छन् ।

- २० वटा सहकारीहरुमा जम्मा १७,८३८ जना महिलाहरुले रु. २,१२,७२,००० शेयर लगानी गरि ७,६८७ जना महिला दिदीवहिनीहरुलाई जम्मा रु. ९,४२,४८,००० को ऋण लगानी गर्न सक्षम भई सकेका छन् ।
- यस कार्यक्रम अर्न्तगत २२ वटा युवा समुहहरुले १९ वटा सामाजीक जागरणका गतिविधीहरु संचालन गरि २०४९ जना मानिसहरुलाई महिला तथा किशोरीहरुका विभिन्न सवालहरुमा प्रत्यक्ष शिक्षामुलक संन्देशहरु प्रवाह गरे ।
- अव १३ वटा सहकारीहरुले कम्प्युटरका माध्यमवाट सहकारीका अभिलेख राख्न तयार भएको अवस्था छ । ति संस्थाका व्यवस्थापकहरुले सफ्टवयेर चलाउन सक्ने भएका छन् ।
- २१ वटा युवा संस्थाका ४२४ जना युवाहरु मिलि आगामी तिन वर्षका लागी रणनितिक कार्ययोजना वनाई अगाडी वढ्ने जमर्को गरि राखेका छन् ।
- २२ वटा युवाहरुको जिल्ला स्तरिय नेटवर्क पुर्न गठन गरि १३ सदस्य भएको नयाँ कार्य समितिलाई नेतृत्वको जिम्मेवारी दिई सकेका छन् । उक्त संजालले सार्वजनिक स्थल तथा यातायातका साधनमा किशोरीहरु माथी हुने दुर्व्यवहारलाई नसहने भनी अभियान नै चलाए । करिव एक महिना भरी सिन्धुलीका सदरमुकाममा सबैको ध्यान आर्कषण गर्न सफल भए ।
- २० वटा सहकारीहरुमा सहकारी नीति, मापदण्ड र सहकारीका विभिन्न समिति तथा उपसमितिहरुका काम कर्तव्य र अधिकार विषयमा दुई/दुई दिनका दरले ३९ वटा कार्यशाला सम्पन्न । त्यसपछि उनीहरुले सेयर सदस्य संख्याहरु वृद्धि गर्दै लगेका छन् ।
- पाँचवटा सहकारीहरुले आ-आफ्ना सहकारीहरुका पाँच वर्षे सहकारी व्यवसायिक योजना वनाई सकेका छन् ।
- २० वटा सहकारीहरुका दुई/दुई जना प्रतिनिधिहरुका दरले जम्मा ४० जना सदस्यहरुलाई तिन दिनको सहकारी भ्रमण गराईयो । उनीहरुले मकवानपुर र नवलपरासी जिल्लाका नामी सहकारीहरुको अध्ययन अवलोकन गरे र आफ्ना सहकारीलाई उत्कृष्ठ वनाउन हौसिएका छन् ।
- २१ जना युवा महिलाहरुले परियोजनाको प्रस्तावना लेख्न जान्ने भएका छन् भने स्थानिय सहजकर्ता निर्माण गर्न सहमति कस्सिएको छ । यस समय भित्र १७ जना स्थानिय सहजकर्ता एकै थलोमा वसि आ-आफ्ना चाहना अनुसार कामको वाँडफाँड गरे । तिन जना सहजकर्ताहरुले सहकारीको पाँच वर्षे व्यवसायिक योजना वनाउन विशेषज्ञहरुलाई सघाई राखेका छन् ।
- सहमति सिन्धुलीका १२ जना कर्मचारीहरु र दुई जना सहमतिका सदस्यहरु मिलेर पुर्वाञ्चलको नामी संस्था सहाराको अध्ययन अवलोकन भ्रमण गरी सहकारीको संस्थागत विकास सम्वन्धि ज्ञान हासिल । उनीहरु भारतको सिक्किम सम्म पुगी भारतिय विकासका प्राथमिकताहरुलाई वुझ्ने कोशिश गरे । कर्मचारीहरुले आफुले गर्ने कामहरुको वार्षिक लक्ष्य निर्धारण गर्न आफ्ना ३५ जना सहयोगी (सामाजिक परिचालक)हरुसंग अर्न्तक्रिया ।

## ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ६ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मूख्य उद्देश्य नेपालमा दिनानुदिन बद्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- सृजनशिल सामुदायिक विकास मञ्च-रतनपुर, जीवनज्योती सामुदायिक विकास मञ्च-कोटथर र जनसेवा सामाजिक विकास केन्द्र-डाँडाझेरीमा संस्थाको पहिलो चरणको कार्ययोजना अनुसारको गतिविधिहरु सम्पन्न र दोस्रो पटकको कार्ययोजना तयारी ।
- गैंडाकोट, रतनपुर, डाँडाझेरी र कोटथर गाविसका युवा सूचना केन्द्रहरुको पहिलो चरणको कार्ययोजना अनुसारको गतिविधिहरु सम्पन्न साथै दोस्रो पटकको कार्ययोजना तयारी ।
- कामना तथा देवचुली बचत तथा ऋण सहकारी संस्था लि. जिल्ला सहकारी संघमा आवद्ध ।
- जीवन ज्योती सामाजिक विकास केन्द्रका पदाधिकारीहरु संस्थाको आवद्धताको लागि समाज कल्याण परिषद्मा गएर छलफल कार्यक्रम सम्पन्न ।
- ग्रामिण स्वावलम्बन कोषबाट थोक कर्जाका लागि कार्यक्षेत्रका सहकारी संस्थाका पदाधिकारीहरुबाट नेपाल राष्ट्र बैंक, काठमाण्डौमा गएर छलफल ।
- कार्यक्षेत्रका विपन्न तथा गरिब विद्यार्थी २३ जना युवा विद्यार्थीहरुलाई छात्रवृत्ति सहयोग ।
- सुरक्षित आप्रवासन विशेषाङ्क-२०७१ (युवा आवाज) प्रकाशन ।
- कोटथर, डाँडाझेरी, रतनपुर र गैंडाकोट गाविसमा युवा सूचना केन्द्रको दिर्घकालिन योजना निर्माण गोष्ठी सम्पन्न । जसमा ११५ जना युवाहरुको सहभागिता ।
- कोटथर गाविसमा जीवनज्योती सामाजिक विकास केन्द्रको दिर्घकालिन योजना निर्माण गोष्ठी सम्पन्न । जसमा २२ जना युवाहरुको सहभागिता ।
- बुलिङ्टार गाविसमा वित्तिय साक्षरता तालिम सम्पन्न । जसमा २३ जना युवाको सहभागिता ।
- कोटथर, डाँडाझेरी, रतनपुर र गैंडाकोट गाविसमा जैविक खेती प्रविधि (लिजा प्रविधि) तालिम सम्पन्न । जसमा १३५ जना युवा कृषकहरुको सहभागिता ।
- सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.मा नीति व्यवस्थापन र सूचना प्रणाली कार्यशाला गोष्ठी सम्पन्न । जसमा २३ जना सदस्यहरुको सहभागीता ।
- देवचुली युवा क्लवद्वारा सुरक्षित आप्रवासन सम्बन्धी सडक नाटक ८ स्थानमा प्रदर्शन । जसमा १,५०० जना सहभागीहरुको सहभागिता ।
- कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्पन्न । जसमा २१ जनाको सहभागिता ।
- सहकारी सञ्जाल बैठक सम्पन्न जसमा २५ जनाको (सदस्य) सहभागिता ।
- गैरकृषि सीपमूलकमा १९ जना युवाहरुले तालिम लिईरहेका छन् ।
- रतनपुर-१, दमारमा दमार केरा खेती समूहको १६कृषक सदस्यहरुले १,००० रोपनी क्षेत्रफलमा केरा खेती सञ्चालन ।

- १६ वर्ष उमेरबाट क ख पढ्न शुरु गरेकी मनिषा थापा कार्यक्रमको निरन्तर सहयोगले एस.एल.सि.मा दोस्रो श्रेणीमा उत्तिर्ण गर्न सफल ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी

बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तिय सेवाको पहुँचमा वृद्धि गरी उनीहरुको दिगो आयस्रोतको विकासमा सहयोग गर्ने उद्देश्यका साथ प्लान नेपाल र सहमतिको साझेदारीमा सन् २०११ डिसेम्बर देखि संञ्चलित "**स्वाबलम्बी समुहहरु तथा महिला सहकारी प्रर्वद्धन कार्यक्रम**ले दलित तथा अपाङ्गता घर परिवारका महिलाहरुलाई समुह र सहकारीमा आबद्ध गराई उनीहरुको जीवनस्तर बृद्धि गर्न उल्लेखनीय भूमिका खेलेको छ । सहकारीमार्फत सरल व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरी विभिन्न आयमूलक क्रियाकलाप सञ्चालनद्वारा लक्षित वर्गको आर्थिक स्थिति सुधार, पहुँचमा वृद्धि र नेतृत्व विकास गरी दिगो आयस्रोतको विकासमा सहयोग गर्न यस कार्यक्रमले महत्वपुर्ण भूमिका खेलेको पाइन्छ ।

- एक दिने तरकारी उत्पादन तालिम ९ वटा गाविसमा सम्पन्न । जसमा २९७ जना सहभागी रहेका (दलित : ११५, जनजाति : ६७ र अन्य ११५ जना) । तालिमपश्चात् सबैले तरकारी उत्पादन तथा व्यवस्थापनमा लागि परेका छन् ।
- दुई वटा सहकारीमा (दुदिलाभाटी र मल्म) सञ्चालक समिति, अन्य उपसमिति र शेयर सदस्य बीच छलफल गरी सहकारीको व्यवसायिक योजना तर्जुमा तालिम सम्पन्न गरिएको छ । जसमा ८३ जनाको सक्रिय सहभागिता रहेको थियो ।
- पाँच वटा सहकारीमा सहकारी शिक्षा शिविर सम्पन्न गरिएको छ । जसमा १८६ जना शेयर सदस्यहरु सहभागी रहेका थिए ।
- एक वटा कृषक समूह दर्तामा सहजिकरण गरिएको र उक्त समूह अनि नरेठाँटीको सहकारी मार्फत लघु अनुदान कार्यक्रमका लागि जिल्ला पशु सेवा कार्यालय र जिल्ला कृषि विकास कार्यालयमामा प्रस्तावना पेश गर्न सहजिकरण गरिएको ।
- थप ७ वटा समूह गठन गरी जम्मा ५०९ वटा समुह पुग्याईएको जसमा ११,२२८ जना महिलाहरु आवद्ध रहेका छन् । त्यसै गरी सहकारीमा थप ४६० जना सदस्यहरु बृद्धि भई जम्मा ९८८५ जना पुगेका छन् ।

### अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाको सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका ५ गाविस (डाँडाझेरी, जौवारी, अर्खला, नरम र रुचाङ्) र तनहुँको ७ गाविस (धरमपानी, वैदी, छिपछिपे, छिम्केश्वरी, आवुखैरनी, देउराली र बन्दीपुर) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सुन्तला उत्पादक किसानहरुको आम्दानी ३०% ले वृद्धि गर्ने रहेको छ ।

- तनहुँ जिल्लाको खानी गाउँमा १ आई.पि.एम.कृषक पाठशाला सम्पन्न ।
- ५,००० उन्नत सुन्तलाका बेर्ना तथा १,००० कागतीका वेर्ना नवलपरासी तथा तनहुँ जिल्लाका कृषकहरुलाई वितरण ।
- नवलपरासी जिल्लाको जौवारी गाविसको तल्लो राईकोट समुदायमा १ वटा क्यानल सिञ्चाई आयोजना सम्पन्न । ५ सेट ड्रिप सिञ्चाई तथा ५ सेट स्प्रिङ्क्लिर सिञ्चाई वितरण ।
- "सुन्तलामा पोष्ट हार्भेष्ट प्रविधि" तालिम ३ वटा सम्पन्न ।
- सुन्तलाको हार्भेष्टिङ्ग तथा प्याकेजिङ्ग सामाग्रीहरु दुवै जिल्लाको १० वटा कृषक समूह तथा १ वटा सहकारीलाई वितरण ।
- तनहुँ जिल्लाको वैदी गाविस-२, मौरीवासमा शुन्य शक्ति शित भण्डारण निर्माण सम्पन्न ।
- नवलपरासी जिल्लाको रुचाङ्ग गाविस रिठ्ठेमा ८ किलोमिटर रोड मर्मत कार्य सम्पन्न ।
- नवलपरासी जिल्लाको कावासोतीमा जौवारी वहुउद्देश्यीय सहकारी संस्था लि.को सहकार्यमा सुन्तला संकलन केन्द्र स्थापना ।
- अमिला जातका फलफूलहरुको बजार व्यवस्थापन तालिम २ वटा सम्पन्न ।
- कृषक तथा व्यापारी बीच अर्गानिक सुन्तला खेती विषयमा २ दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- पब्लिक प्राईभेट पार्टनरसिप (PPP) सम्बन्धी खोजमूलक अध्ययन कार्य सम्पन्न
- ५ वटा कृषक समूह जिल्ला कृषि कार्यालयमा दर्ता ।
- सुन्तलाको ग्रेडिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी १ वटा तालिम सम्पन्न ।
- पूर्व सहकारी व्यवस्थापन तालिम १ वटा सम्पन्न ।
- सहकारीको संस्थागत विकास तालिम १ वटा सम्पन्न ।
- १ वटा कृषक अध्ययन अवलोकन भ्रमण सम्पन्न ।

### बालिका शक्ति परियोजना, म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ्ग, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ्ग, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पात्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कुल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मुख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- ५४७ जना कृषकहरु ९९६ रोपनी जग्गामा व्यवसायिक तरकारीखेती गरी १ वर्षको अवधीमा १ करोड ३१ लाख ७९ हजार आम्दानी लिन सफल । ५४७ मध्ये ६६ जना युवा महिला ४४ जना, अपांगता परिवार, ६ जना एकल महिला, ९० जना दलित, २२४ जना जनजाति र २३३ जना खस आर्य रहेका थिए ।
- ६५२ जना विभिन्न उद्यममा स्वरोजगार हुन सफल । ६५२ जनामध्ये ५४७ जना व्यवसायिक तरकारीखेती, २४ जना सिलाईकटाई, २१ जना ढाका बुनाई, ४० जना मौरीपालन, ७ जना झोला बुनाई, १ जना बाख्रापालन, १ जना फर्निचर तथा ११ जना ईम्ब्राईडरी व्यवसायमा संलग्न ।
- ४१ जना महिलाहरु २० सहकारीहरुमा प्रत्यक्ष रोजगारीमा संलग्न ।
- २८५ वटा स्वाबलम्बी महिला समूहहरु गठन भई ७७९९ जना महिला समूहमा संगठित । २० सहकारीहरुमा ७४७२ जना शेयर सदस्य, रु.१,८३,१२,००० शेयर पूँजी, रु.३,२३,२६,१६० निक्षेप, रु.४,९०,०५,००० लगानीमा रहेको छ ।
- सबै २० महिला सहकारीहरुमा गरी ४ करोड ६० लाख ४५ हजारको कुल कारोबार भएको छ ।

- २० वटा युवा महिला संस्थामा १०१५ जना युवा महिलाहरु आवद्ध, १६११ जना युवा महिलाहरु विभिन्न स्वाबलम्बी महिला समूहहरुमा आवद्ध ।
- २० गा.वि.स.का कुल ११९९५ घरधुरीमध्ये ६८५२ (५७ प्रतिशत) घरधुरी समूहमा तथा ६२६५ (५२ प्रतिशत) घरधुरी महिला सहकारीहरुमा समेटिएका छन् ।
- कार्यक्षेत्रको १६ वर्षभन्दा माथिको कुल महिला जनसंख्या १९०२४ मध्ये ७७९९ (४१ प्रतिशत) समूहमा तथा ७४७२ (३९ प्रतिशत) सहकारीहरुमा समेटिनुका साथै कार्यक्षेत्रको कुल जनसंख्या ५०९०३ मध्ये ३०७६५ (६०.४३ प्रतिशत) जनसंख्या लाभान्वित ।
- २० गाविसमध्ये कुईनेमंगले, दग्नाम र भिँ गाविस शतप्रतिशत घरधुरी, शतप्रतिशत युवा महिला तथा शतप्रतिशत एकल महिला महिला सहकारीमा आवद्धता गाविस घोषणा । साथै निष्कोट र चिमखोला गाविसका सबै घरधुरी महिला सहकारीमा आवद्ध भईसकेका छन् । पाल्लेखेत, वेगखोला र लुलांग गाविस पनि सबै घर आवद्धताको अन्तिम चरणमा रहेका छन् ।
- न्यू दरबांग महिला बचत तथा ऋण सहकारी दरबांग र जनआदर्श महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बाबियाचौरले जग्गा खरिद गरी भवन निर्माणको चरणमा प्रवेश गरेका । रत्नेचौर महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड रत्नेचौरले जग्गाको व्यवस्थापन गर्न सफल ।
- कार्यक्षेत्रमा १२० वटा प्लाष्टिक टनेल सहयोगपछि कृषकहरु स्वयंले १५९ वटा टनेल स्वयंले थप गरी व्यवसायिक तरकारीखेती प्रारम्भ ।
- देवीस्थान गाविसमा परियोजना तथा समुदायको योगदानपछि ३६० मिटर पक्की सिँचाई कुलो निर्माण भई ५०० रोपनी जग्गामा सिँचाई सुविधा उपलब्ध । ताकम गाविसमा ५०,००० लिटर क्षमताको सिँचाई ट्यांकी निर्माण भई ८० रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेतीको तयारी ।
- बाबियाचौर गाविस लाम्पाटामा १८ हजार लिटर क्षमताको सिँचाई ट्याँकी निर्माण भई ४० रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेतीको तयारी
- गाउँ गाउँमा युवा महिला संस्थाहरुले किशोरीमैत्री विद्यालय बनाउन अभियानको थालनी गरेका, बालिका मैत्री छुट्टै शौचालय तथा सेनेटरी प्याडको व्यवस्थापन गरी छात्राहरुको पढाई निरन्तरतामा योगदान ।
- युवा महिला संस्थाहरुको आयोजनामा बालविवाह अन्त्यका लागि विभिन्न अभियानमूलक कार्यक्रम, किशोरीहरुको व्यक्तित्व विकास र नेतृत्व विकासका लागि क्षमता अभिवृद्धि गतिविधि एवं आयआर्जन बढाउन सिपमूलक तालिमहरु ।
- रत्नेचौर तथा देवीस्थान गाविसमा महिला सहकारीको संरक्षण र समन्वयमा रहने गरी युवा महिला सूचना केन्द्रको स्थापना ।
- महिला हिंसा अन्त्यका लागि महिला तथा बालालिका कार्यालय म्याग्दी र विभिन्न सरोकारवालाहरुसँग समन्वय गरी जिल्लास्तरमा किशोरी तथा युवा महिला सञ्जाल म्याग्दीले सांकेतिक ऱ्याली तथा विशाल कार्यक्रमको आयोजना तथा महिला हिंसाविरुद्ध र सवालमा आधारित स्टिकर सार्वजनिक
- १ वर्षको अवधीमा १७२४ जनाले क्षमता विकास सम्बन्धि तालिमहरु, १०३७ जनाले करेसाबारी व्यवस्थापन तालिम, ११५७ जनाले व्यवसायिक तरकारी उत्पादन तालिम तथा १०३ जनाले सिपमूलक तालिम हाँसिल गरी कुल ४०३१ जनाले विभिन्न तालिममा सहभागीता जनाएका ।
- विभिन्न गाविस कार्यालयहरुसँग समन्वय गरी रु.१४,००,०००।- गाविस बजेट महिला सहकारी तथा युवा महिला संस्थाहरुमार्फत् महिलाहरुको क्षमता विकास तथा आयआर्जन र सिपमूलक कार्यमा परिचालन ।

## केन्द्रीय कार्यालय गतिविधि:

- सवारी साधन सञ्चालन नियमावली, २०६५ दोस्रो संशोधन २०७१ पारित गर्ने निर्णय ।
- सहमतिमा रहेको ना.३प. ५४७३ नम्बरको मोटरसाइकल सहज सामुदायिक अस्पताललाई हस्तान्तरण ।
- प्राक्टिकल एक्सनसँगको साझेदारीमा जलवायु अनुकुलन गाउँ कीर्तिपुर परियोजना सञ्चालन शुरुवात ।
- सहमति महिला सेलद्वारा तीज विशेष कार्यक्रम विभिन्न संघ-संस्थाका प्रतिनिधि एवं सहमति परिवारबीच सम्पन्न ।
- दशैं विशेष कार्यक्रम सहमतिका कार्य समिति सदस्य, सल्लाहकार सदस्य, सदस्य एवं कर्मचारीहरुको सहभागितामा सम्पन्न ।

## सहमति अध्ययन केन्द्र

- जम्मा तालिम सञ्चालन दिन : ३५ दिन (गत २०७१ श्रावणदेखि असोज मसान्तसम्म)
- कूल सहभागी : ३२४ (महिला : १५६, पुरुष : १६८)
- जम्मा सहभागी संघसंस्था : ९

## सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- सहज स्वास्थ्य सहकारी संस्था लि.को आ.व. २०७०/०७१ को बार्षिक लेखा परीक्षण गर्नका लागि मिति २०७१ साल श्रावण २६ गते बसेको कार्यसमितिको निर्णयानुसार रजिष्टार्ड लेखा परीक्षक श्री हरिलाल सापकोटाबाट लेखा परीक्षण सम्पन्न ।
- यस अवधिमा श्री गणेशराज गिरी (प्रशासकीय तथा कार्यक्रम संयोजक) र श्री नमूना रानाभाट (रेडियोग्राफर) को नियुक्ति भएको छ ।
- यर अवधिमा सहज सामुदायिक अस्पताल प्रङ्गणमा ११५ जनालाई निशुल्क खोप सेवा प्रदान गरिएको छ ।
- जिल्लाभरका नगरपालिका प्रमुख तथा गाविस सचिवहरुसँगको मातृ शिशु स्वास्थ्य सहयोग विषयक १ दिने अन्तक्रिया कार्यक्रम सहज स्वास्थ्य सहकारी संस्था लि., मातृ शिशु स्वास्थ्य सहयोग परियोजना (SMILE) को आयोजना, जिल्ला विकास समिति नवलपरासी र जिल्ला स्वास्थ्य कार्यालय, नवलपरासीको समन्वय र केयर नेपालको सहयोगमा सम्पन्न गरियो ।
- मातृ शिशु स्वास्थ्यको सुधारको लागि नवलपरासीको १० गाविसमा सहज स्वास्थ्य सहकारी संस्था लि. गैंडाकोट र केयर नेपालको साझेदारीमा सञ्चालित मातृ शिशु स्वास्थ्य सहयोग परियोजना (स्माइल) अन्तर्गत आमा समूहहरु, सासु बुहारीहरुसँगको छलफल तथा वडा स्तरीय गुणस्तरीय स्वास्थ्यको लागि आफ्नै पहल (साथ) कार्यक्रमहरु सञ्चालन गरी ४ वटा आकस्मिक कोषको स्थापना गरिएको छ ।
- २४ घण्टे आकस्मिक सेवाको साथमा वरिष्ठ फिजिसियन, वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ, वरिष्ट बालरोग विशेषज्ञ, वरिष्ट स्त्री तथा प्रशुती रोग विशेषज्ञ सहित अत्याधुनिक उपकरणहरुबाट स्वास्थ्य जाँच सेवा निरन्तर सञ्चालन भइरहेको छ ।

# बालिका शक्ति परियोजनाका केही झलकहरू



बाल विवाह न्यूनिकरण सम्बन्धि सडक नाटक प्रस्तुत गर्दै सक्षम युवा महिला संस्था दरबाङ्गका सदस्यहरु



राममाया घिमिरे,बे.न.पा.३-प्लास्टिक घरमा व्यवसायिक गोलभेडा खेती गर्दै



सुख्खा यामका लागी पानीको जोहो गर्न निर्माण गरिएको प्लास्टिक पोखरी साथमा करिब ५ रोपनी जमिनमा बिस्तार गरिएको तरकारी खेती, रत्नेचौर,म्याग्दी



झीं गा.वि.स.लाई सहकारीमा शत प्रतिशत घरधुरी आबद्धता घोषणा सभामा म्याग्दीका स्था.बि.अ. चिरञ्जिवी पौडेल साथमा प्र.जि.अ.टेक बहादुर कार्की लगायत कार्यलय प्रमुखहरु




झीं गा.वि.स.लाई सहकारीमा शत प्रतिशत घरधुरी आबद्धता घोषणा सभामा म्याग्दीका स्था.बि.अ. चिरञ्जिवी पौडेल साथमा प्र.जि.अ.टेक बहादुर कार्की लगायत कार्यलय प्रमुखहरु



आफुले पहिचान गरेका साझा सवाल उपर छलफलमा व्यस्त किशोरी तथा युवा महिला संजाल म्याग्दीका सदस्यहरु



नेतृत्व क्षमता बिकाश सम्वन्धी ५ दिने तालिममा प्रशिक्षक र बिभिन्न सहकारी संस्थाका सहभागीहरु बेनी,म्याग्दी



साना सिचाई आयोजना संचालनका लागी छलफल गर्दै परियोजनाका कार्यक्रम संयोजक र कृषकहरु, देबिस्थान, म्याग्दी



स्तरिय बेर्ना उत्पादनका लागी आधुनिक नर्सरी तयारी बिधि सिक्दै बे.न.पा.१- रत्नेचौरका कृषकहरु



मुल्यमा आधारित ब्यवस्थापन तालिम पश्चात सामुहिक तश्विरमा प्रशिक्षक डा. हरिहर आचार्य र बालिका शक्ति परियोजनामा, म्याग्दीमा कार्यरत कर्मचारीहरु




सकारात्मक सोधखोज तालिम पश्चात सामुहिक तस्विरमा प्रशिक्षक,जि.बि.स. म्याग्दीका सामाजिक बिकाश अधिकृत हरिकृष्ण गौतम साथमा गा.वि.स. सचिवहरु



सक्षम युवा महिला संस्था दरवाङ्ग द्वारा आयोजित जेष्ठ नागरिक तथा एस.एल.सी उत्कृष्ट छात्रछात्रा सम्मान कार्यक्रमको झलक



ब्यवसायिक कृषक, ब्यबसायी, हाट बजारका प्रतिनिधि र जिल्ला कृषि विकास कार्यालय म्याग्दीसँगको संयुक्त अन्तक्रिया कार्यक्रम, बेनी म्याग्दी

**प्रेषक**

**सहमति**


गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org


**प्रापक**

टिकट